अन्तिम लेखापरीक्षण प्रतिवेदन

कालिञ्चोक गाउँपालिका, दोलखा

आर्थिक वर्ष २०७५।७६

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

Serving the Nation and the People

दूरदृष्टि(Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य(Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता(Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या:२०७६/७७

च.नं : ७७७

मिति:२०७७/३/२४

श्री कालिञ्चोक गाउँपालिका,
दोलखा ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)

नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाई

टंकमणि शर्मा, दंगाल

महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षणसम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका,महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमासम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितब्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको,आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको,अबण्डा बजेट राखेको,खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजनाप्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौटगरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको,तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यकशीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्तअभिलेख नरहेको,सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ ।गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो ।लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो ।लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय ब्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु ।स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २७ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(वागमती तथा गण्डकी प्रदेश महानिर्देशनालय)

पत्र संख्या:२०७६।७७
च.नं: ८०३ मिति: २०७७।०३।२७

श्री प्रमुखज्यू,
कालिञ्चोक गाउँपालिका,दोलखा ।

विषय: लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामील कालिञ्चोक गाउँपालिका,दोलखाको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यस सङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूतरुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.५ करोड ४५ लाख ६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.४६ लाख १९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.३ करोड ६ लाख ५६ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ७० लाख १ हजार, तथा पेश्की बाँकी रु.२२ लाख ३० हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०८।१६मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पृष्ठ२७(सत्तााईस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाँउपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी :

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार संचालन ऐन,२०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी बित्तिय बिबरण तयार गर्ने तथा जालसाँजी वा अन्य गल्तिका कारण बित्तिय बिवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी :

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(वामदेव शर्मा अधिकारी)
नायब महालेखापरीक्षक

कालिञ्चोक गाउँपालिका,दोलखाको लेखापरीक्षण प्रतिवेदन

आ.ब. २०७५।७६

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने कालिङ्चोक गाँउपालिकाकोस्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो गाँउपालिका अर्न्तगत ९ वडा रहेको, ४८ सभा सदस्य, १३२ व.कि.मी. क्षेत्रफल, २२९५४ (२०६८ को गणनानुसार) जनसंख्या सहित वागमती प्रदेशमा अवस्थित छ ।	
	लेखापरीक्षणको क्रममा औल्याए पश्चात रु.६६०६ असुल गरी सम्वन्धित राजस्व खातामा दाखिला गरिएको छ ।	
१.	**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाँउपालीकाले आर्थिक वर्ष २०७५।०७६ मा प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनको क्रममा भएका व्ययहरु समेत समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।	

आय		व्यय	
विवरण	**रकमरू**	**विवरण**	**रकमरू**
गत आ व को मौज्दात	३०१३८४५२	संघिय सरकार वित्तिय समानीकरण अनुदान	१३१८०००००
गत आ व को मौज्दात सा.सु	८७९८००	प्रदान मन्त्री स्वरोजगार कार्यक्रम	१८३०१२४
गत आ व को मौज्दात युनिसेफ	५५८२७३१	कालिञ्चोक केबलकार	१०००००
गत आ व को मौज्दात समानिकरण अनुदान	४८७२८	युनिसेफ कार्यक्रम	५७८८०५९
संघिय सरकार सर्शत अनुदान	१५६१२७४०५	प्रदेश सरकार वित्तिय समानीकरण अनुदान	७८०८०००
प्रदेश सरकार सर्शत अनुदान	३०२२४०००	संघिय सरकार सशर्त चालु खर्च	१५६१२७४०५
सामाजिक सुरक्षा	४५३२४८००	सामाजिक सुरक्षा	४६२०४६००
संघिय सरकार वित्तिय समानीकरण अनुदान	१३१८०००००	अप्पर तामाकोशी बाट प्राप्त सहयोग	१५३०००
प्रदान मन्त्री स्वरोजगार कार्यक्रम	१८३०१२४	स्थानीय पुर्वाधार विकास कार्यक्रम	९९००००
प्रदेश सरकार वित्तिय समानीकरण अनुदान	७८०८०००	प्रदेश सरकार सशर्त अनुदान	२४७६८६५७
प्रदेश सरकार विषेश अनुदान	५००००००००	प्रदेश सरकार बाट प्राप्त विषेश अनुदान	२५७५११३३
स्थानीय पुर्वाधार विकास कार्यक्रम	९९००००	प्रदेश सरकार राजस्व वाडफाड	१०१०७१३७
प्रदेश सब बहान खरिद	१५०००००	संघिय सरकार राजस्व वाडफाढ	५०३५०३७९
युनिसेफ कार्यक्रम	२१५२२४	धरौटी	६३००००
कालिञ्चोक केबलकार	६०००००	**जम्मा**	**४६२४०८४९४**
ढुङगा गिटी बालुवा	५०४०००	संचित कोष	९२९५१५३३
मेशिनरी औजार भाडा	१३२८६३४	पुजिगत खाता	५४९११९४२
ई टि. सि फासेलुङ	१००००	चालु खाता	३६६५०५६
विविध आन्तरीक आय वडा कार्यालय	१६०९८५२	धरौटी खाता	३५४७९४७

मालपोत कार्यालय बाट प्राप्त	७४८१५९	**बैक मौज्दात**	**१५५०७६४७८**
पर्यटन बोड नेपाल	१२५०००	**चेक साटन बाकी**	**९३४६१६५६**
अन्य आन्तरीक आय	१६१४१००		
संघिय सरकार राजस्व वाडफाड	५१४७२९६७		
प्रदेश सरकार राजस्व वाडफाड	१०१०७१३७		
अप्पर तामाकोशी बाट प्राप्त सहयोग	१५३०००		
धरौटी	४३३४४३३		
कुल जम्मा रु.	**५३५०७६५४६**	**कुल जम्मा रु.**	**५२४०२३३१६**

लेखापरीक्षण गर्दा देखिएका व्यहोरा निम्न अनुसार रहेका छन् :

२.१ **आन्तरिक लेखापरीक्षण:**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणले औल्याएका कैफियत सम्वन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडी सम्परीक्षण गराउनु पर्नेछ भन्ने प्रावधान छ । कार्यालयले कानूनको उक्त प्रावधान बमोजिम आफ्नो आय र व्यय हिसावको आन्तरिक लेखापरीक्षण गराएको छैन । यसबाट आन्तरिक नियन्त्रणमा असर पर्न सक्ने अवस्था समेत देखिन आयो । यसमा सम्वन्धित निकाय तथा पदाधिकारीले ध्यान दिई सुधार गर्नुपर्ने देखिन्छ ।

२.२ **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नु पर्ने तथा महालेखानियन्त्रककार्यालयले निःशुल्क रुपमा उपलब्ध गराएकोSub National Tresury Regulatory application (SUTRA)प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले आफ्नो सबै कारोवारको लेखा SUTRA मार्फत सफ्टवेयरमा राख्नु पर्नेमा सो नगरी आर्थिक कारोवारको लेखा हातले प्रविष्टि गरी राखिएको, जोडजम्मा समेत आशिंक मात्र गर्ने गरेको, कतिपय खर्च र सोको गौश्वरा भौचर बैंक नगदी कितावमा प्रविष्टि गर्दा फरक रकम प्रविष्टि गर्ने तथा प्रविष्टि गर्न छुट गर्ने गरेको आदि अवस्था देखियो । यसबाट गाँउपालिकाको आय-व्ययको हिसाव यथार्थपरक छ भनि विश्वस्त हुन सकिएन । यसमा सम्वन्धित निकायबाट यथार्थता यकिन गरिनु पर्ने देखिन्छ

२.३ **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । चेकलिष्टको आधारमा गाँउपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको परीक्षण गर्दा निम्न बिषयमा प्रर्याप्त नियन्त्रण भएको देखिएन । कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा नल्याएबाट कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको देखिन आयो । उक्त बिषयमा गाँउपालिकाले नियन्त्रण एवं सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

- कार्य जिम्मेवारी र जवाफदेहिता स्पष्ट गरेको छैन,
- परियोजना र क्रियाकलापहरूको प्राथमिकता निर्धारण भएको छैन,
- अन्तिम चौमासिक र आषाढ महिनामा तोकिएको सीमाभन्दा बढी खर्च गरेको छ,
- सार्वजनिक सुनुवाइ मार्फत जनताको माग सुनुवाई भएको छैन,
- योजना कार्यान्वयन तालिका निर्माण गरेको छैन,
- निर्धारित समयमा निर्माण सम्पन्न भएको छैन,
- बैकमार्फत सामाजिक सुरक्षा भत्ता बितरण गरको छैन,
- कार्यालयको भौतिक प्रगती सन्तोषजनक छैन,
- अनुगमन प्रतिवेदन कार्यान्वयन गरेको छैन,
- योजना हस्तान्तरण तथा खर्चको सार्वजनिक परीक्षण भएको छैन,
- राजस्बको श्रोत पहिचान गरेको छैन,

	● प्रशासनिक खर्चको सीमा निर्धारण गरेको छैन, ● राजस्व सम्वन्धी कानून निर्माण गरेको छैन, ● अभिलेख कायम गरिएका सबै सम्पत्तिको हकमा सङ्केतीकरण गरेको छैन, ● राजस्वको रसिद नियन्त्रण खाता व्यबस्थीत राखेको छैन, आदि ।	
२.४	**वजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । समितिले सो अनुरुप बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरेको देखिएन ।	
२.५	**स्थानीय तथ्यांक र अभिले**खः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाँउपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालीकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाँउपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।	
२.६	**लक्ष्य प्रगतीको स्थिति :**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन ।	
२.७	**श्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाँउपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।	
२.८	**लक्षित समूह खर्च**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका कानून बमोजिम लक्षीत समुहको मागको आधारमा लक्षीत समुहको पूजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । कुनैपनि प्रकारका वितरणमूखी कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा गाँउपालीकालेयस प्रकारका कार्यक्रममा समेत खर्च गरेको देखिएकोले कानूनको परिपालना भएको देखिएन । यस्ता कार्यमा सुधार हुनु पर्दछ ।	
२.९	**गुणस्तर परिक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । निर्माण लगायत सबै प्रकारको सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।	
२.१०	**अभिलेख अद्यावधिकः**स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को दफा ९७मा गाँउपालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तीको अभिलेख अद्यावधिक गरी रेखदेख, मर्मत सम्भार र अन्य प्रवन्ध गर्नुपर्ने प्रावधान रहेको छ । कार्यालयले गाँउसभावाट स्वीकृत भएका योजना तथा कार्यक्रम, संशोधित कार्यक्रम, संचालित र सम्पन्न भएका योजना तथा कार्यक्रम र अधुरा योजनाको अभिलेख अद्यावधिक गर्ने कार्य गरेको देखिन आएन । खर्च भुक्तानीको गौश्वरा भौचर र सोसंग संलग्न कागजातको आधारमा मात्र भुक्तानी दिने गरेको छ । जसले गर्दा कुन कार्यक्रम वा योजना गाँउसभावाट स्वीकृत वा संशोधन भएको हो वा होइन खुलाउन कठिनाई हुन जानुको साथै कुन काम कस्तो गुणस्तर र परिमाणमा सम्पन्न भयो वा हुन नसकी अधुरो रहन गएको छ । स्वीकृत मध्ये कुन कुन कार्यक्रम सम्पन्न हुन सकेन र सभावाट स्वीकृत नभएका कार्यक्रम संचालन गरिए वा नगरिएको सम्वन्धमा यकिन हुन सकेन । यसमा सम्वन्धित निकायबाट यथार्थता यकिन गरिनु पर्दछ ।	
२.११	**मर्मत सम्भार कोष :**स्थानीय सरकार संचालन ऐन,२०७४ मा गाँउपालिकाबाट संचालन हुने योजनाहरु मर्मत सम्भार गर्नको लागी मर्मत समभार कोष खडा गर्न सकिने उल्लेख रहेको छ । कार्यालयले लेखापरीक्षण अवधिसम्म मर्मत सम्भार कोष खडा गरेको देखिन आएन ।	
२.१२	**जनशक्ति व्यबस्थापन :**निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपूर्ती र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ ।गाँउपालिकामा रहने कर्मचारी दरवन्दी २० जना (श्रेणी बिहिन बाहेक)रहेपनि पदपूर्ती १० जना रहेको देखियो । ३ जनाअधिकृत सहित १० पद रिक्त रहेका छन । ति मध्ये २ जना करारमा राखि कार्य संचालन गरिएको छ । अनावश्यक पद भए खारेज गर्नु पर्नेमा कुनै कारवाही गरेको देखिएन । स्वीकृत दरबन्दी	

	अनुसार पदपूर्ति हुनुपर्दछ । कार्यालयमा कायम दरबन्दीमध्ये १० (श्रेणी बिहिन बाहेक)कर्मचारीहरुको पद रिक्त रहेकोले, कार्यचाप, ढिलासुस्ती तथा कार्यमा गुणस्तरियता हुन नसक्ने र लक्ष्य अनुरुप प्रगती हासिल गर्न कठिन हुने भएकोले दरबन्दी अनुरुप पदपुर्ति गर्नेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।	
२.१३	**लेखा स्रेस्ता** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा कार्यालयको विनियोजन, राजस्व, धरौटी जिन्सी र अन्य कारोबारको स्रेस्ता महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने र यसरी राखेको लेखा स्रेस्ता अद्यावधिक भए नभएको कार्यालय प्रमुखले चेकजाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्वीकृत ढाँचामा लेखा राख्ने प्रयास गरेता पनि जिम्मेवारी यकिन नभएको, जिन्सी खाता, बैक नगदी किताब, लेजर लगायत खाताहरु प्रमाणित नगरेको, खर्चको बिल भरपाई तेरिज बनाई जोडजम्मा गर्ने नगरेको, आम्दानी तर्फको म.ले.प.फा.नं.१०८, १०८(क) र (ख), १०९ र २३ जस्ता खाता व्यवस्थीत नराखेको, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ अनुसार भौतिक एवं वित्तिय स्थिति देखिने गरी वार्षिक कार्यक्रको लक्ष्य प्रगती विवरण तयार नगरेको जस्ता व्यहोराहरु देखियो । जसले गर्दा कार्यालयको लेखा, श्रेस्ता र अभिलेख यथार्थपरक र भरपर्दो रहेको छ भन्न सकिएन । यसमा सम्वन्धित पक्षको ध्यान जानु आवश्यक छ ।	
३.	**जिन्सी सम्पत्ती:** आर्थिक कार्यविधी नियमावली, २०६४ को परिच्छेद ६ नियम ४६ देखि ५६ सम्म सरकारी सम्पत्तिको जिम्मा, त्यसको लगत र संरक्षाण, सम्पत्तीको निरीक्षण लगायत बिभिन्न व्यवस्थाहरु गरेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद १३ मा स्थानीय तहको सम्पत्ती संरक्षण सम्वन्धी व्यवस्था गरेको छ । कार्यालयले गाँउपालिका र मातहतका विषयगत शाखा तथा वडा कार्यालयहरुमा रहेका जिन्सी मालबस्तु तथा सम्पत्तीको अभिलेख गाँउपालिकाको कार्यालयमा तोकिएको म.ले.प.फारम नं. ४७ र ५२ मा राख्नुपर्नेमा गाँउपालिका कार्यालय, वडा कार्यालयहरु र विषयगत शाखाहरुको छुट्टा छुट्टै रुपमा राख्ने गरेको देखियो । साविक गाँउ विकास समितिहरुमा रहेका जिन्सी मालबस्तु तथा सम्पत्तीहरु गाँउपालिकाको मुख्य जिन्सी खातामा हस्तान्तरण गरेको र आम्दानी बाधेको छैन । गाँउपालिका कार्यालयको बजेटबाट खरिद गर्ने गरेका मालबस्तु तथा सम्पत्तीको सोही बमोजिम छुट्टा छुट्टै रुपमा आम्दानी बाधेको जनाएता पनि लेखापरीक्षणमा पेश हुन नआएको हुदा परीक्षण हुन सकेन । यस प्रकार रहेका जिन्सी सम्पत्तीको उचित र ठोस रुपमा संरक्षण र सदुपयोगको प्रवन्ध गरेको देखिएन । योजना तथा कार्यक्रम संचालनको लागी खरिद गरेका कतिपय जिन्सी मालबस्तु तथा सम्पत्तीहरु जिन्सी खातामा आम्दानी बाध्ने र सम्वन्धित वडा तथा विषयगत शाखाका कर्मचारी तथा पदाधिकारीले बुझेको आधारमा खर्च घटाउने गरेको तर उक्त मालवस्तु तथा सम्पत्ती सम्वन्धित योजना तथा कार्यक्रम संचालनमा उपयोग भएको देखिन आएन । जस अनुसार मालवस्तु तथा सम्पत्तीको अभिलेख अद्यावधिक गरी सदुपयोग र संरक्षण भएको छ भनि आश्वस्त हुन सक्ने अवस्था देखिएन । गाँउपालिका कार्यालयले आफु र मातहतका विषयगत र वडा कार्यालयहरु र साविकको गा.बि.स.हरुमा रहेका मालबस्तु तथा सम्पत्तीको एकिकृत अभिलेख अद्यावधिक गराउनु पर्ने, सबै मालबस्तु तथा सम्पत्तीको एकमुष्ट रुपमा जिन्सी निरीक्षण गराइ प्रतिवेदन लिइ पूर्ण सदुपयोग र संरक्षणको प्रवन्ध गर्नु पर्ने देखिन्छ । यसमा सम्वन्धित पक्षले यथाशिघ्र ध्यान दिइ सम्पत्तीको यथार्थ अवस्था यकिन गर्नुपर्ने अवस्था समेत देखियो ।	
४.	**बैंक हिसाब :**कार्यालयको खाता हिसाव र वैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणमा पेश भएको संचितकोषको आय व्यय स्थिति अनुसार कार्यालयको खाता हिसाबमा देहाय अनुसार यसवर्षको जम्मा आम्दानी रु.५३५०७६५४६ रहेको. देखियो । तर खर्च बिवरण अनुसार आषाढ मसान्तको बैक मौज्दात समेत निम्नानुसार जम्मा रु.५२४०२३३१६ रहेबाट रु.११०५३२३० हिसाव फरक पर्न गएको छ । हिसाव फरक परेको सम्बन्धमा कार्यालयले बैंक हिसाब मिलान बिवरण तयार गरेको छैन । यसरी फरक पर्नाको कारण पहिचान गरी यथार्थता यकिन गर्न बैंक हिसाव मिलान गर्नुपर्ने देखिएको रु...	११०५३२३०

बिवरण	रकम	रकम
गत वर्षको बाकी समेत जम्मा आम्दानी		५३५०७६५४६
गतवर्षको मौज्दात बांकी	३६६४९७११	
यस वर्षको आम्दानी	४९८४२६८३५	
योवर्षको खर्च बिवरण		५२४०२३३१६
योवर्षको खर्च	४६२४०८४९४	
आषाढ मसान्तको बैंक मौज्दात	१५५०७६४७८	
साट्न बाकी चेक	९३४६१६५६	
फरक		११०५३२३०

कार्यालयको भनाई: अघिल्लो वर्षमा नै बैंक हिसाव मिलान विवरण तयार नगरेकोले फरक पर्दै आएको हो ।

	योवर्ष फरक पर्न जाने रकम खाई मासेको कारण नभइ दक्ष लेखाको कर्मचारीको अभावको कारण तयार नगरिएको हो । दक्ष व्यक्तिबाट यथाशिघ्र बैंक हिसाव मिलान विबरण तयार गरी पेश गरिने जवाफ कार्यालयको रहेको छ ।	
५.	**पेश्की वाँकी विवरण :** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ७४ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा पेश्की फछ्र्यौट सम्बन्धी व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विबरण अनुसार निम्न व्यक्ति तथा संस्थाले लिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्ममा पनि फछ्र्यौट नभई बाँकी रहेको देखिएको हुदा नियमानुसार फछ्र्यौट हुनु पर्ने देखिएको रु.......	२२३००००

मिति	पेश्की लिनेको नाम	रकम
२०७६/०१/०९	सुनखानी स्वास्थ्य चौकी	१०००००
२०७६/०१/०९	सुन्द्रावती स्वास्थ्य चौकी	१०००००
२०७६/०१/०९	लापीलाङ्ग स्वास्थ्य चौकी	१०००००
२०७६/०१/०९	लामीडाडा स्वास्थ्य चौकी	१०००००
२०७६/०१/०९	बाबरे स्वास्थ्य चौकी	१०००००
	भरत बहादुर पौडेल (सामाजिक सुरक्षा)	१५६५६००
	का.स. दुर्गा प्रसाद शिवाकोटी	१००००
स्वास्थ्य तर्फ	अ.न.मी कला खड्का लापिलाङ्ग स्वा.चौ.	५००००
स्वास्थ्य तर्फ	अ.हे.ब. सदिक्षा श्रेष्ठ, सिंगटी प्राथमिक स्वा.केन्द्र	२४००
स्वास्थ्य तर्फ	अ.न.मी.चन्द्रिका चौधरी, सुनखानी स्वास्थ्य चौकी	२०००
कृषि तर्फ	ना.प्रा.स. शान्ती खड्का	१०००००
	जम्मा रु	**२२३००००**
२०७४/०५/२०	गा.पा.उपाध्यक्ष कालिका पाठक	५०००००
२०७४/०४/१७	गा.पा.पदाधिकारी मानसिंह धामी	५०००००
२०७४/०५/२५	गा.पा.पदाधिकारी रामप्रसाद मैनाली	४०००००
	गा.पा.पदाधिकारी निशान बुढाथोकी	४०००००
२०७४/०५/२६	गा.पा.पदाधिकारी मानसिंह धामी	४०००००
	गा.पा.पदाधिकारी चेत बहादुर खड्का	४०००००
२०७४/०५/२६	गा.पा.पदाधिकारी बाबुलाल धामी	४०००००
	गा.पा.पदाधिकारी सुवास धामी	४०००००
	गा.पा.पदाधिकारी केशव बहादुर ठकुरी	४०००००
	गा.पा.पदाधिकारी नन्दराज शिवाकोटी	४०००००
	गा.पा.पदाधिकारी नानी पाण्डे	४०००००
	जम्मा रु.	**४६०००००**

	पूंजीगत खर्च तर्फः गाँउपालिकाले यो वर्ष गरेको पूंजीगत खर्चको परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन् ।	
६.	**उपभोक्ता समितिबाट गराएको कामः** कार्यालयले योवर्ष गरेको पूंजीगत खर्चको अधिकाशं निर्माण कार्यहरु उपभोक्ता समितिहरुबाट गराएको छ। जसमा निम्नानुसार देखियो ।	
६.१	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ र उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि,२०७४ को दफा ३ उपदफा (२), दफा ४ उपदफा (१) खण्ड (ञ) र दफा ४ को उपदफा (१) खण्ड (ट) लगायतका कानुन अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ ।लागत सहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने,श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्थाहरु रहेका छन् । कुल लागत रु.१ करोडसम्म भएको तथा स्थानीय सीप, श्रोत र साधन उपयोग हुने र स्थानीय स्तरमा कार्य सम्पन्न	

	गर्न सक्ने आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत अनुसूची १ मा तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । मोटर बाटो खन्ने तथा चौडा गराउने, विभिन्न भवनहरु निर्माण गर्ने लगायतका भौतिक पूर्वाधारका कार्यहरु, कृषि, पशु, स्वास्थ्य, शिक्षा तथा जनचेतना र सशक्तिकरण लगायत सामाजिक,आर्थिक र भौतिक पुर्वाधार क्षेत्रका विभिन्न कार्यहरुमा रकम खर्च गर्दा अधिकाशं कार्यहरु उपभोक्ता समिति मार्फत गराउने गरेको छ । मोटरबाटो लगायत अधिकांश कार्यहरुमा डोजर, लोडर, एक्साभेटर आदि जस्ता हेभिमेशिनहरु प्रयोग गरी कार्य गराएको व्यहोरा खर्चका बिल भर्पाइबाट देखियो । हेभि मेशिनहरु प्रयोग गर्दा धेरै जसो कार्यहरुमा उपभोक्ता समितिसंग सम्झौता गरी कार्य गर्ने गरिएको छ । धेरैजसो निर्माण कार्यहरु उपभोक्ता वा लाभग्राही समुदाय आफुले नगरी तेश्रो पक्षबाट कार्य गराएको व्यहोरा खर्चका बिल भर्पाइबाट देखियो । अधिकांश योजनामा १० प्रतिशतसम्मको हाराहारीमा जनसहभागिताको अंश राखी सोही बमोजिम कार्य गराइएको छ भने केहि थोरै योजनामा मात्र सोभन्दा बढी जनसहभागिताबाट कार्य गराएको देखियो । उपभोक्ता समितिबाट गरिएका अधिकांश निर्माण तथा अन्य कार्यहरुको नापी किताव, ठेक्का विल र कार्य सम्पन्न प्रतिवेदनमा काम शुरु, सम्पन्न र फरफारक गरेको मिति र अवधि खुल्ने गरेको छैन । योजना हस्तान्तरण र सोको मर्मत सम्भारको व्यवस्था गरेको देखिन आएन । सम्वन्धित वडा तथा स्थानिय तहले यस प्रकार संचालन भएका योजनाहरुको अभिलेख अद्यावधिक गर्ने गरेको पाइएन । जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने, योजना कार्यन्वयनमा जनसहभागिता र अपनत्व बृद्धि नगर्ने, खर्च सार्वजनिक नगर्ने जस्ता कानूनमा उल्लेख भएका प्रावधानको पालना नगरेको प्रति सम्वन्धित प्राविधिक, कार्यालय तथा पदाधिकारीले समेत ध्यान दिएको देखिएन । उपभोक्ताले गर्ने जनसहभागिताको कार्यमा न्यून अंश मात्र कार्य हुने गरेको देखिएको हुदा श्रममुलक कार्यमा उपभोक्ताको तर्फबाट गरिने कार्यको अंशमा बृद्धि गरि योजनाको स्वामित्व र लागत प्रभावकारितामा बृद्धि गर्नुपर्ने देखियो । उपभोक्ता समितिबाट कार्यहरु गराउदा कानुनको पूर्णरुपले अनुसरण र पालना गरेर मात्र गराउनु पर्दछ ।	
६.२	**भुक्तानीको सिफारिसः**उपभोक्ता समिति मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा अधिकाशंमा फोटाहरु संलग्न राख्ने र उपभोक्ता समितिको सिफारिस तथा सम्वन्धित वडा अध्यक्षको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको देखियो । फोटाहरु संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिन आएन ।सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा अधिकाशं सिफारिसमा सो बमोजिम नगरी विनियोजित बजेट अनुरुपको कार्य सम्पन्न भएकोले भुक्तानीको लागी सिफारिस गर्दछु भन्ने भाषाको सिफारिस गर्ने गरेको देखियो । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भन्न सकिने अवस्था देखिन आएन ।	
६.३	**सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अर्न्तगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । विभिन्न सडक,सिचाई, खानेपानी तथा कृषि विकास र पशु विकास लगायत कार्यक्रमको सार्वजनिक सुनवाई गरेको भएपनि सार्वजनिक सुनुवाईको ढाँचा अनुरुप गरेको पाईएन । सार्वजनिक सुनुवाईको लागी तोकिएको फारम भर्ने गरेता पनि सरोकारवालाको अत्यन्त न्यून उपस्थिती रहने गरेको, फाइलमा राख्ने प्रयोजनको लागी मात्र फारम भरेर राख्ने गरेको अवस्था बिद्यमान रहेको देखियो । त्यसैले सार्वजनिक सुनुवाईको विश्वसनीयता देखिदैन । कानूनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ ।	
६.४	बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमाउपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार दखिन आएन । यसमा कार्यालयले अभिलेख अद्यावधिक गरी सुधार गर्नु पर्दछ ।	

७	कार्यालयले पूंजीगत बजेट तर्फ वडा स्तरीय २९९ वटा योजनाको भुक्तानी गर्दा आयकर ऐन २०४८ बमोजिम भुक्तानीमा कट्टी गरेको कर रु.१६२६३३७ मध्ये पटक पटक गरी रु. १५९४८५३ संघिय राजस्व खातामा दाखिला गरेको देखियो । नपुग रकम रु.३१४८४ संघिय राजस्व खातामा दाखिला नगरी गाँउपालिका संचित कोषमै रहेको देखिएकोले उक्त रकम संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु	३१४८४
७.१	कार्यालयले पूंजीगत बजेट तर्फ वडा स्तरीय २९९ वटा योजनाहरुको भुक्तानी गर्दा मु.अ.कर ऐन बमोजिम भुक्तानीमा कट्टी गरेको ५०% मू.अ.कर रु.२४२३१८१ मध्ये पटक पटक गरी रु.२१४१५१३ संघिय राजस्व खातामा दाखिला गरेको देखियो । नपुग रु.२८१६१८ संघिय राजस्व खातामा दाखीला नगरी गाँउपालीका संचित कोषमै रहेको देखिएकोले उक्त रकम संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु..	२८१६१८
७.३	गाँउपालीका पूंजीगत बजेट खर्चको गो.भौ.नं. ८६ मिति २०७६।३।२ बाट विभिन्न १२ वटा विद्यालयलाई सिकाईमा आधारीत उपलब्धी नामक कार्यक्रम वापत रु.२७२३०३३ निकासा दिई खर्च लेखेको छ । उक्त कार्यक्रम स्विकृत नर्म्स बमोजीम के कस्ता कृयाकलाप वा खर्च गर्न मिल्ने हो सोको आधार र प्रमाण सहित खर्चको पुष्ट्याई हुने प्रमाण कागजात पेश हुन नआएकोले पेश हुनुपर्ने अन्यथा सम्वन्धीत विद्यालयबाट फिर्ता आम्दानी हुनुपर्ने रु...	२७२३०३३
७.४	**सवारी साधन खरिदः**सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा २ मा प्रतिस्पर्धा सिमित हुने गरि ठेक्का टुक्राउन नहुने उल्लेख छ । दफा २४(१) माआपसमा मिलोमतो गरी दाखिलाभएका बोलपत्र उपर कारवाही नहुने उल्लेख छ । नियमावलीको नियम ७ मा सार्वजनिक निकायले एक वर्ष भन्दा बढी अवधिसम्म संचालन हुने योजनाको खरिद गर्दा खरिदको गुरु योजना र नियम ८ मा बार्षिक रु.१० लाखभन्दा बढी रकमको खरिद गर्दा खरिद योजना तयार गरी स्वीकृत गराइ सोही बमोजिम खरिद कार्य तोकिएको खरिद बिधि अनुसार गर्नुपर्ने उल्लेख छ। कार्यालयले देहाय बमोजिम बोलपत्र र सोझै बिधिबाट सवारी साधन खरिद गरी खर्च लेखेको छ । यसरी खरिद गरेको भएता पनि बिक्री भएको प्रस्ताव दर्ता संख्या, प्रभावग्राही प्रस्तावको संख्या र लागत अनुमानको अनुपात तुलना गर्दा प्रतिस्पर्धाको अवस्था नदेखिएन । गाँउपालिकाले यो वर्ष निम्नानुसारका सवारी साधन खरीद गरी रु.२३७३८८०० भुक्तानी खर्च लेखेकोमा अर्थ मन्त्रालयको स्वीकृती लिएको देखिएन ।यसरी ठुलो रकम खर्च गरी अर्थ मन्त्रालयको स्विकृती बेगर सवारी साधन खरिद गरेको कार्य मितव्ययी र कानूनसम्मत भयो भन्न सकिने अवस्था देखिन आएन ।	

सवारी साधनको किसिम	परिणम	बोलपत्र प्रस्ताव	आपुर्तिकर्ता	कबोल अंक	लगत अनुमान भन्दा घटी बढी	खरिद मिति
स्कारपियो जिप	१	१	अग्नी इनकर्पोरेटेड	५५९५०००	-०.०९	२०७५/११/५
ब्रेकर	१	२	बतास ट्याक्टर्स प्रा.लि.	२०३४०००	-०.१९	२०७५/११/२२
स्काभेटर	१	२	बतास ट्याक्टर्स प्रा.लि.	११४४१०००	-०.१९	२०७५-११-२८
ट्रिपर	१	१	सिप्रदि ट्रेडिङ्ग प्रा.लि.	३८९५०००	-०१.३	२०७५/३/३२
मेटरसाईकलHonda X blade 160cc	१	सोझै	सकायर ट्रेडिगं टेकु	२८८९००	०	२०७६/१/३१
मोटरसाइकल XR 150	१	सोझै	सकायर ट्रेडिगं टेकु	४८४९००	०	२०७५/१२/१४
जम्मा	६ थान			२३७३८८००		

७.४.१	उपरोक्त बमोजिम १ थान ब्रेकर र १ थान स्काभेटर खरिदको लागि आह्वान गरेको बोलपत्रमा २ वटा प्रस्तावहरु पेश भएको छ । जसमा दुवै प्रस्तावमा तोकिएको specification पूरा भएको देखियो । इन्टरनेशनल कन्ट्रक्सन प्रा.लि को ७.१६% घटी कबोल रहेकोबाट खरिद नगरी बतास ट्रयाक्टर प्रा.लिको ०.१९% घटी कबोल अंक रहेको सँग खरिद गरेबाट कार्यालयलाइ रु.९४१००० थप ब्ययभार पर्न गएको रु...	९४१०००
७.५	भतेरे चौर श्रृंगेश्वर विद्यालय सडक निर्माण उपभोक्ता समिति वडा न.९ लाई सडक निर्माण कार्य गरे वापत गो.भौ.न. २७।२०७५।१०।१० वाट रु.२८८००० भुक्तानी गरिएको छ । गो.भौ.न.११३।२०७६।०२।२१ वाट सोहि कार्यको लागी पून सोही उपभोक्ता समितिलाई २८८००० भुक्तानी गरेको देखिएकोले दोहोरो भुक्तानी हुन गएको छ। यसरी दोहोरो भुक्तानी भएको रु.२८८००० असुल गर्नुपर्ने रु..	२८८०००
७.६	२२१।२०७६।०३।२२ वडा नं. ८ को पिपलबोट सिमलचौर विद्युतिकरण उपभोक्ता समितिले १५ वटा विद्युतको पोल खरिद गरी गाडेको खर्चको विल भर्पाई राखि रु.३४२५०० भुक्तानी दिएको छ। उक्त कार्य गर्ने सम्वन्धमा लागत अनुमान तयार गरेको छैन । सो कामको Measurement नगरिनुको साथै कार्य सम्पादन र ठेक्का विल समेत तयार गरेको नदेखिएकोले कार्य भएको आश्वस्त हुन सकेन । तसर्थ कार्य भएको देखिने प्रमाण पेश हुनु पर्ने रु.....	३४२५००

७.८	४९।२०७५।१२।१७ कृषि तथा पशुपालन कृषकलाई क्षमता अभिबृद्धि तालीम संचालन गरी कृषि प्राविधिक शान्ति खड्का ले रु.१ लाख पेश्की फछ्यौट गरेको छ । जसमा माघ २० गते संचालन भएको १ दिने तालीम कार्यक्रममा प्रशिक्षक राजेन्द्र प्रसाद देवकोटालाई रु.६०००० प्रशिक्षक भत्ता र रु.१०००० यातायात खर्च भुक्तानी दिएको देखियो । यसरी भुक्तानी गर्न मिल्ने नर्म्स तथा कानुनी आधार नदेखिएको हुँदा उक्त भुक्तानीमा करकट्टी गरेको रु.९००० घटाई बाकी रकम निजबाट असुल हुनुपर्ने रु..	६१०००
७.९	८७।२०७६।०३।२२ बाट विभिन्न विद्यालयका छात्रछात्रालाई पाठ्यपुस्तक वितरण गरेको भनि रु.२२५१५०९ खर्च लेखेको छ । फाइल साथ संलग्न विद्यार्थिहरुको भपाईको विभिन्न पाना र विद्यालयले पुस्तक खरिद गरेको बिल थान ३४ (फोटोकपी बिल थान २२ समेत) को जोडजम्मा अनुसार जम्मा खर्च रु.२०८०६७० मात्र रहेको देखियो । खर्चको तेरिज बनाइ फाइल साथ संलग्न गरेको छैन । तसर्थ बिल भर्पाइ भन्दा बढी खर्च लेखेको रु.१७०८३९ असुल गर्नुपर्ने देखिएको रु.....	१७०८३९
७.१०	२१।२०७५।०६।२३ खेलकुद निर्माण वडा न.४ उपभोक्ता समितिले कवर्डहल निर्माणको कार्य गर्दा MB, कार्य सम्पादन प्रतिवेदन र ठेक्का विलमा जनश्रमदान रु.३४१३९ समेत जम्मा कार्य रु.३१३२०२ को कार्य भएको देखियो । सो कार्यको भुक्तानी रु.२७९०६३ हुनुपर्नेमा रु.२८९८४५ भएकोले बढी भुक्तानी असुल गर्नुपर्ने रु.१०७६२ देखिएको रु...	१०७६२
७.११	२३।२०७५।०६।२२ छकर्पु धामी उत्थान समिति वडा नं २ कुल घर निर्माण कार्य जनश्रमदान रु.२७३०४ समेत रु.२१९३०४ को कार्य भएको MB र कार्यसम्पादन प्रतिवेदन अनुसार भुक्तानी रु.१९२००० हुनुपर्नेमा २४०००० भएकोले बढी भुक्तानी भएको रकम फिर्ता गरेको भनि भर्पाइ रहेको तर दाखिला गरेको प्रमाण पेश नभएकोले असुल गर्नुपर्ने रु.....	३८४००
७.१२	३९।२०७५।११।१२ भवन निर्माण कार्य वडा.न.९ स्थानीय चोयाको डोको डालो उत्पादन समुहबाट रु.२२४११ श्रमदान समेत रु.१६२४११।८५ को लागत अनुमान तयार गरी कार्य गरेको व्यहोरा कार्य सम्पादन प्रतिवेदन र नापी कितावबाट देखियो । तर उक्त कार्यको भुक्तानी रु.३८०००० भएकोले बढी भएको भुक्तानी असुल हुनुपर्ने रु...	२३००००
७.१३	६४।२०७५।११।२६ चौधारा कफि विकास सहकारी सस्थाले कफि विकास कार्यक्रम संचालन गर्न रु.२५ हजार श्रमदान समेत रु.१८१०२५ को कार्य गर्ने गरि सम्झौता गरी कार्य गरेको छ । निजलाइ भुक्तानी गर्दा जनश्रमदान समेतको रकम रु.१८१०२५ पुरै भुक्तानी भएकोले जनश्रमदान वापतको रकम असुल गर्नुपर्ने रु	२५०००
८.	कटुञ्जे लिफ्टिङ खानेपानी आयोजना, तामाकोसी खानेपानी आयोजना र जुके खानेपानी आयोजना समेत ३ वटा आयोजनालाई कटुञ्जे खोला खानेपानी योजना नामक एकीकृत योजनाको रुपमा कुल लागत अनुमान रु.५४०३६१४।१९ तयार गरि सो मध्ये गाँउपालीकाबाट रु.४७५०००० र जनश्रमदानबाट रु.६५३६१४।१९ व्यहोर्ने गरी उपभोक्ता समितिसँग मिति २०७६ बैशाख २९ मा सम्झौता गरि कार्य सम्पन्न गर्ने अवधि २०७६ आषाढ २५ गतेसम्म तोकिएको छ । यो आर्थिक बर्षमा कुल जम्मा रु.३७१६२६५।५० बराबरको कार्य गरेको Measurement sheet को आधारमा उपभोक्ता समितिलाई भौ.नं. ५ मिति २०७६।०३।२९ बाट रु.३२८९२३४ भुक्तानी गरेको देखियो । सम्झौता बमोजिम तोकिएको अवधिमा निर्माण कार्य सम्पन्न भएको देखिन आएन साथै लेखारीक्षण अवधि २०७६ मंसिर ८ गतेसम्म पनि अवधी थप कार्य गरेको देखिन आएन । उपभोक्ताले सम्झौता बमोजीम तोकिएको अवधिमा कार्य सम्पन्न नगरेबाट योजना अधुरो हुन गएको देखियो । सम्पादन गरेको कार्यको Measurement sheetमात्र राखी ठेक्का विल तयार गरेको देखिन आएन । गाँउपालीकाका उपाध्यक्षज्युको संयोजकत्वमा रहेको अनुगमन समितिले समेत उक्त योजनाको अनुगमन तथा निरीक्षण गरेको पाइएन । यसरी अधुरो रहन गएको योजनाको कार्य नियमानुसार उपभोक्ता समितिलाइ कनूनी कारवाही गरी म्याद थप गरेर सम्पन्न गर्ने तर्फ कार्यालयले थप पहल गर्नुपर्ने रु...	३२८९२३४
८.१	**वितरणमुखी खर्चः** एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ मा पुँजीगत शिर्षकमा विनियोजित बजेटबाट चालु खर्च गर्न नपाइने उल्लेख छ । पूजिंगत शिर्षकमा विनियोजन भएको बजेटबाट चालु प्रकृतिका खर्च गर्ने कार्य बजेटको सिद्धान्त विपरित हुन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ को खर्च गर्ने अख्तियारी र कार्य विधि सम्वन्धि व्यवस्थाको उपदफा (७) मा कार्यपालिकाले सभावाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न पाउने छैन भन्ने व्यवस्था रहेकोछ । दफा ११मा गाँउपालिकाको काम, कर्तव्य र अधिकार तोकेको छ । उक्त कानूनमा वितरणमुखी कार्यक्रम भन्दा विकासात्मक गतिविधि तर्फ गाँउपालिकाको स्रोत परिचालन हुनुपर्ने उल्लेख छ । कार्यालयले योवर्ष गाँउपालिका पूजिंगत शिर्षकमा विनियोजन भएको बजेटबाट देहाय बमोजिम रु. २२०६२५० उपभोग,	

संचालन तथा वितरण प्रकृतिका खर्चहरु गरेको देखियो । सभाले बजेट स्वीकृत गर्दा वितरण प्रकृतिका खर्चहरु समेत पूजिगत बजेट शिर्षकमा समावेश गरी बजेट स्वीकृत गरेको कार्य बजेटको सिद्धान्त र खर्च रकमको बर्गिकरण र व्याख्या विपरित हुन गएको देखियो । कतिपय खर्चहरु पूजिंगत बजेट तथा स्वीकृत कार्यक्रम भन्दा बाहिर उपभोग, संचालन तथा वितरण प्रकृतिका र अन्य प्रकृतिका कार्यमा खर्च गरेको देखियो ।सभाले पारित गरेको बजेट तथा स्वीकृत कार्यक्रमको पालना समेत हुन सकेको पाइएन ।संचालन, उपभोग र बितरण खर्चमा तोकिए भन्दा खर्च बढ्न जाने देखियो । वितरण प्रकृतिका खर्च बजेट शिर्षकमा समावेश गरी खर्च लेख्ने कार्यबाट कार्यालयलाई थप व्ययभार पारेको छैन भन्ने अवस्था नदेखिएको रु.... २२०६२५०

गो.भौ.न./मिति	विवरण	रकम
वडास्तरिय पूजिगत तर्फ		
२०/२०७५/६/१७	खेलकुद सामाग्री लगायतको खर्च लापिलाङ्ग समिति	१०००००
३१/२०७५/१०१८	खेलकुद सामाग्री लगायतको खर्च वडा.६	९६०००
४०/२०७५/११/१२	जात्रा खर्च भुक्तानी -९	१९००००
४१/२०७५/११/१२	झ्याली झ्यम्टा खरिद गरि भुक्तानी	९५२००
४३/२०७५/११/१२	सिकाइकेन्द्र व्यवस्थापन केन्द्र-९ स्टेशनरी खरिद	१३६८००
४७/२०७५/११/१४	चण्डी देवि प्रा.वि.९ दिवा खाजा कार्यक्रम	७१२५०
५१/२०७५/११/२७	खेलकुद कार्यक्र कार्यक्रम खर्च ६	७६०००
५५/२०७५/११/२७	श्रृडेश्वर प्रा.वि. ५ दिवा खाजा कार्यक्रम	४७५००
६५/२०७५/११/२९	खेलकुद कार्यक्रम खर्च ७ वडास्तरीय खेलकुद	२०००००
गाउँपालीका पूजिगत तर्फ		
७६/२०७६/३/९	पत्रकार महासंघ देलखा भवन निर्माण आर्थिक सहयोग	२०५०००
८५/२०७६/३/२०	नगरीक सम्मान कार्यक्रम	१०००००
९३/२०७६/३/२९	४ वटा FMरेडियो प्रशारण सहयोग अनुदान	४१२५००
९४/२०७६/३/२९	निजि श्रोतका शिक्षकको तलब वडा.६	८००००
१०६/२०७६/३/२९	विधालय जन्मेतसव सहयोग	२०००००
१०९/२०७६/३/२९	वडा. ७ वडाध्यक्षले चन्दा बापत आर्थिक सहयोग	२६०००
१११/२०७६/३/२९	१ वटा FMलाई प्रशारण सहयोग	२००००
१२१/२०७६/२/३१	मेला खर्च	१५००००
	जम्मा रु.	**२२०६२५०**

८.२ **खर्चको पुष्ट्याई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ उपनियम (३) मा खर्च गर्दा खर्चको बिल भरपाईसहित लेखा राख्नु पर्ने प्रावधान छ ।कार्यालयले पेश गरेको श्रेस्तामा देहायको भुक्तानी दिइ खर्च लेखेको छ । उक्त खर्चलाइ पुष्ट्याई गर्ने निम्नानुसारको प्रमाण कागजात श्रेस्तासाथ संलग्न नरही लेखापरीक्षणमा पेश हुन नआएको र कामको पुष्ट्याई समेत पेश हुन नआएकोले पेश हुनु पर्ने रु...... ३४२०९७८

भौ.न. /मिति	कार्य विवरण	रकम	कैफियत
१४/२०७५/०५/०७	दुध तथा तरकारी चिस्यान केन्द्र व्यवस्थापन	१७१२१५	खर्चको विलमात्र रहेको
२२/२०७५/०६/२४	बादी समुदाय मादल निर्माण उ.स	१०००००	ल.ई., का.स.प्र. आदि काम भएको पुष्ट्याई नरहेको
२४/२०७५/६/१७	कृषि समन्वय समिति ८	५०००००	कार्यको प्राविधिक रिपोट र पुष्ट्याई नरहेको
३३/२०७५/११/०६	छालाजुत्ता बनाउने साचो निर्माण उ.स. ९	९६०००	कार्यको प्राविधिक रिपोट र पुष्ट्याई नरहेको
४५/२०७५/११/१४	सुन्दरावतिमा चिया नर्सरी बनाउने कार्य ९	२४७५७०	कार्यको प्राविधिक रिपोट र पुष्ट्याई नरहेको
४६/२०७५/११/१४	चिया नर्सरी निर्माण ६	५४७४४५	कार्यको प्राविधिक रिपोट र पुष्ट्याई नरहेको
४८/२०७५/११/१५	वडा.३ विद्युतिय कार्य	१०००००	कार्यको प्राविधिक रिपोट र पुष्ट्याई नरहेको
६३/२०७५/११/२६	बादी समुदाय मादल नि.उ.स.	४७५००	कार्यको प्राविधिक रिपोट र पुष्ट्याई नरहेको

२८०/२०७५/०३/२९	सरस्वति प्रा.वि.७	१५००००	खर्चको विलभरपाई र पुष्ट्याई नरहेको
२९१/२०७५/०३/२९	वडा.३उ.स.मार्फत ग्यावीन वक्स खरिद ६३ थान	१८९७५४	खर्चको विलभरपाई र पुष्ट्याई नरहेको
२९३/२०७६/०३/२९	वडा.७ विधुतको तार र पोल ढुवानी र गाड्ने	९५०००	खर्चको विलभरपाई र पुष्ट्याई नरहेको
२९५/२०७५/०३/२९	वडा.न.२ सामुदायिक वन बृक्षारोपण कार्य	९२०००	खर्चको विलभरपाई र पुष्ट्याई नरहेको
९७/२०७५/०३/२९	विरुवा खरिद, खाजा खाना, लोड अनलोड	३७९९५०	काम भएको प्रमाण पेश नभएको
१०२/२०७५/०३/२९	विरुवा खरिद ढुवानी	२६१४७५	काम भएको पुष्ट्याई नरहेको
११०/२०७५/०३/२९	तारजाली थान ४५*३४९१+८८*२६४५+ १३%	४४३०६९	काम भएको पुष्ट्याई नरहेको
	जम्मा रु.	३४२०९७८	

८.३ **उपभोक्ता वा लाभग्राही समुहबाट सामाग्री खरिद :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४दफा ७३ को खर्च गर्ने अख्तियारी र कार्य विधि सम्वन्धी व्यवस्थाको उपदफा (७) मा कार्यपालिकाले सभावाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न पाउने छैन भन्ने व्यवस्था छ ।सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २(६) मा उपभोक्ता समिति भन्नाले निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिले निर्माण कार्यको निर्माण, संचालन, मर्मत संभार गर्नको लागि आफुहरु मध्येबाट गठन गरेको समीति सम्झनुपर्ने तथा नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने कार्यविधि अनुसार उपभोक्ता समितिबाट निर्माण कार्य मात्र गराउन सक्ने देखिन्छ । गाँउपालिकाले निम्न भौ.न र मितिबाट नियमावली विपरित उपभोक्ता समिति वा लाभग्राही समुहको माध्यमबाट देहाय बमोजिम रु.४८४२६२० मुल्यका बस्तु तथा सामाग्री खरिद गरेबाट उक्त कानुनको उल्लघंन हुन गएको रु..... ४८४२६२०

भौ.न./मिति	खरिदकर्ता	सामाग्री विवरण	रकम	कैफियत
वडास्तरिय पूजिंगत खर्च तर्फ				
१/२०७५/०५/०६	निको महांकाल प्रा.वि.	कम्प्युटर १ थान	५००००	विद्यालय प्र.खरिद
२/२०७५/०५/०६	लामाीडाँडा स्वास्थ्य चौकि ४	फर्निचर खरिद	१०००००	उ.स.मार्फत खरिद
३/२०७५/०५/०६	लामिडाँडा स्वास्थ्य चौकि ३	विभिन्न सामान	९९१५०	वडा सचिव
४/२०७५/०५/०७	दलित बस्ति खा.पा.उ.स.४	१९ वटा नेपाटंकी	११००००	
५/२०७५/०५/०६	ब्यवस्थापन सकिति	औषधि खरिद	१०००००	आर्युर्वेद औषधालय
६/२०७५/०५/०७	लापिलाङ्ग कृषक समुह	सिल्योलीन प्लाष्टिक २६ समेत	२९०४७०	समुह मार्फत
७/२०७५०/५/०७	लाविलाङ्ग स्वास्थ्य चौकि	कम्प्युटर र प्रिन्टर	१०००००	स्वा.चौकी र वडाध्यक्ष समेतले
१७/२०७५/०५/०७	कालीका मा.वि.	कार्पेट, डेस्क, बेन्च	१०००००	विधालयले खरिद
१९/२०७५/०६/१७	कालीञ्चोक स्वास्थ्य चौकी	टेबल, कार्पेट आदि	१०००००	स्वा.चौकी खरिद
३१/२०७५/१०/१२	पोखरी प्रा.वि. ३	दराज, कुर्चि टेवल	१००००	विधालयले खरिद
३४/२०७५/१०/६	महादेवस्थान प्रा.वि.७	टि.भि. कार्पेट आदि	४८०००	विधालयले खरिद
३५/२०७५/११/०६	विन्धवासीनी आ.विद्यालय २	२ कम्प्युटर	४८०००	विधालयले खरिद
३६/२०७५/११/१२	सुन्दरावती स्वास्थ्य चौकी ८	फर्निचर	३४७५००	स्वा.चौकीले खरिद
३८/२०७५/११/२७	जागरण भिमेश्वर प्रा.वि.९	लिड कार्पेट आदि	९५०००	विधालयले खरिद
५०/२०७५/११/२७	गुराँसे प्रा.वि.९	टि.भि लगायत	९५०००	विधालयले खरिद
५९/२०७५/११/२७	कालिका मा.वि.९	स्मार्ट टि.भि लगायत	९५०००	विधालयले खरिद
६६/२०७५/१२/१३	विस्मुरे प्रा.वि.४	स्मार्ट टि.भि लगायत	५००००	विधालयले खरिद
७०/२०७५.११/३०	वडा. ८	ग्याविन बक्स खरिद	५०००००	वडा सचिव
७४/२०७५/११/०९	वडा. ९	विभिन्न सामाग्रि	२०८०००	उ.स मार्फत
८३/२०७५/१२/२५	वडा ९	फर्निचर, औजार	९५०००	उ.स.मार्फत
१०५/२०७६/०१/०६	वडा ७	मिनिटेलर लगायत	४७५०००	व.सचिव द्वारा
११५/२०७६/०२/२१	वडा ९	वल्डिङ्ग मेसिन	९५०००	व.सचिव द्वारा
१३८/२०७६/०३/०५	वडा ८	हातेट्याक्टर खरिद	२८५०००	सोझै खरिद

१९६/२०७६/०३/१८	विधालय	कम्प्युटर, प्रोजेक्टर, यु.पि.यस.	१५०००००	सोभै खरिद
२०९/२०७६/०३/१९	वडा २	विद्यालयलाई सि.सि.टि .भि. र विज्ञान सामाग्रि	९५०००	सोभै खरिद
२२०/२०७६/०३/२०	वडा २	विधालयलाई सि.सि.टि. भि. र विज्ञान सामाग्रि	२८५०००	सोभै खरिद
२६२/२०७६/०३/२९	वडा २	ई.हाजिरी ⁄ मेसिन खरिद	१९८०००	सोभै खरिद
२६३/२०७६/०३/२९	वडा २	डस्टविन फलामे	१९००००	सोभै खरिद
२६७/२०७६/०३/२९	वडा ४	विद्यालयलाई फर्निचर	१४२५००	सोभै खरिद
२८९/२०७६/०३/२२	वडा ३	स्वास्थ्य चौकिको लागि कम्प्युटर, प्रिन्टर खरिद	९५०००	उ.स.मार्फत
२९९/२०७६/०३/२९	वडा ८	स्वास्थ्य चौकि औषधि	९६०००	स्टोरमा रहेको
५६/२०७६/०१/२५	वडा ४ (गा.पा तर्फ)	विद्यालयलाई कम्प्युटर लगायत	९५०००	उ.स.मार्फत
		जम्मा रु.	४८४२६२०	

८.४ **पूँजीगत शिर्षकबाट चालु र वितरणमूखी खर्चः** एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ मा पुँजीगत शिर्षकमा विनियोजित बजेटबाट चालु खर्च गर्न नपाइने उल्लेख छ । पूंजीगत शिर्षकमा विनियोजन भएको बजेटबाट चालु प्रकृतिका खर्च गर्ने कार्य बजेटको सिद्धान्त विपरित हुन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ को खर्च गर्ने अख्तियारी र कार्य विधि सम्वन्धी व्यवस्थाको उपदफा (७) मा कार्यपालिकाले सभावाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न पाउने छैन भन्ने व्यवस्था छ । दफा ११ मा गाँउपालिकाको काम, कर्तव्य र अधिकार तोकेको छ । कानुनमा वितरणमुखी कार्यक्रम भन्दा विकासात्मक गतिविधि तर्फ गाँउपालिकाको स्रोत परिचालन हुन पर्ने उल्लेख छ । कार्यालयले योवर्ष गाँउपालिका पूजिंगत शिर्षकमा विनियोजन भएको बजेटबाट देहाय बमोजिम रु.१५८०२५० उपभोग, संचालन तथा वितरण प्रकृतिका र अन्य चालु प्रकृतिका खर्च गरेको देखियो । सभाले बजेट स्वीकृत गर्दा चालु प्रकृतिका खर्च पूंजीगत बजेट शिर्षकमा समावेश गरी बजेट स्वीकृत गरेको कार्य उपरोक्त बजेटको सिद्धान्त र खर्च रकमको बर्गिकरण र व्याख्या विपरित हुन गएको देखियो । कतिपय खर्चहरु पूजिंगत बजेट तथा स्वीकृत कार्यक्रम भन्दा बाहिर उपभोग, संचालन तथा वितरण प्रकृतिका र अन्य चालु प्रकृतिका कार्यमा खर्च गरेको देखियो । यसबाट सभाले पारित गरेको बजेट तथा स्वीकृत कार्यक्रमको पालना हुन सकेको पाइएन ।संचालन, उपभोग र बितरण खर्चमा तोकिए भन्दा खर्च बढ्न जाने देखियो । चालु प्रकृतिका खर्च चालु बजेट शिर्षकमा समावेश गरी खर्च लेख्नु पर्दछ । यस सम्वन्धी उदाहरण निम्न छन् । यसबाट कार्यालयलाई थप व्ययभार पारेको छैन भन्ने अवस्था नदेखिएको रु.... १५८०२५०

भौ.न. ⁄ मिति	खरिदकर्ता	सामाग्री विवरण	रकम	कैफियत
वडास्तरिय पूजिंगत खर्च तर्फ				
९/२०७५/०५/०६	भद्रावति प्र.वि	स्टेशनरी, चकटी आटी	४००००	विद्यालयले खरिद
१२/२०७५/०५/०६	सुनखानी स्वा.चौ.	कार्यालय समान खरिद	१०००००	उ.स. मार्फत
१०१/२०७६/०२/१६	खेलकुद कार्यक्रम खर्च ९		९५०००	सोभै खरिद
१८१/२०७६/०३/१७	वडा ९	विद्याथीलाई दिवा खाजा	९५०००	
१८३/२०७६/०३/१७	वडा ९	खेलकुद कार्यक्रम	२५७०००	
१८७/२०७६/०३/१७		पुजा खर्च	१९००००	
१३७/२०७६/०२/२९		खेलकुद सामाग्रि	९५०००	
२८७/२०७६/०३/२२	वडा ३	खेलकुद कार्यक्रम खर्च	९५०००	
२८८/२०७६/०३/२२	वडा ३	बालसामाग्री र स्टेशनरी	९५०००	
२९०/२०७६/०३/२२	वडा ३	महिला स्वयंम सेविकालाई सामाग्री वितरण	९५०००	
२९६/२०७६/०३/२९	वडा ७	तिज विशेष कार्यक्रम	७१२५०	
गाँउपालीका कार्यलय तर्फ				
२६/२०७५/१०/२५	वडा ८	खेलकुद कार्यक्रम खर्च	९६०००	
२७/२०७५/१०/२५	वडा ८	खेलकुद कार्यक्रम खर्च	९६०००	
२९/२०७५/११/०६	वडा ६	दरवन्दी बेगर अनिता कार्कि तलब	९००००	

		१५०००*६		
५०/२०७५/१२/१८	वडा ५	दरवन्दी बेगर अनिता कार्कि तलब १५०००*२	३००००	
५५/२०७५/०१/०९		मेलमिलापकर्ताको चिया खाजा भुक्तानी	४००००	
		जम्मा रु.	१५८०२५०	

८.५ **खरिद टुक्राएको :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उप दफा (१) मा सार्वजनिक निकायले खरिद गर्दा खरिद मुल्यको आधारमा अपनाउने खरिद बिधि र उपदफा (२) मा यो ऐन र नियमावली बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था छ । दफा २४(१) मा आपसमा मिलेमतो गरी दाखिला भएका प्रस्ताव उपर कारवाही नहुने उल्लेख छ । कार्यालयले देहाय बमोजिम विद्यार्थिलाई ट्र्याकसुट, जुत्ता, मोजा लगायतका वस्तु खरिद गर्दा खरिदको एकमुष्ठ प्याकेज बनाई बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गरेर खरिद कार्य गराउनु पर्नेमा सो नगरी छुट्टा छुट्टै टुक्रामा सोझै खरिद बिधिबाट खरिद कार्य गराई देहाय बमोजिम रु.३९९७१४८ खर्च लेखेको छ । खरिदको एकमुष्ट प्याकेज बनाई प्रतिस्पर्धा गराउनु पर्नेमा सो बमोजिम नगरी टुक्रा गरेर गरेको कार्य ऐन बिपरित हुन गएको र खरिद कार्य मितव्ययि भयो भन्ने अवस्था नदेखिएको रु... ३९९७१४८

भौ.न./मिति	खरिदकर्ता	सामाग्री विवरण	रकम	कैफियत
७९/२०७५/१२/२४	वडा ८	विद्यार्थीलाई ट्र्याक सुट ३५४ सेट	३८००००	वडा सचिव द्धारा सोझै खरिद
८०/२०७५/१२/२६	वडा ८	विद्यार्थीलाई ब्याग, मोजा, ३८८ थान	३८००००	वडासचिव द्धारा सोझै खरिद
२७४/२०७५/०३/२९	वडा ४	विद्यार्थिलाई ट्र्याकसुट	२८५०००	सोझै खरिद
१८/२०७५/०६/१६	वडा.४ का विद्यालय	ट्र्याकसुट खरिद ४६० थान	४०५१४८	सोझै खरिद
२६/२०७५/०८/२१	वडा ३ का विद्यालय	ट्र्याकसुट खरिद ३८२ थान र रु.२०००० ढुवानी सहित	४०००००	सोझै खरिद
१२०/२०७६/०२/१६	वडा ६	विद्यार्थीलाई जुत्ता मोजा	९००००	सोझै खरिद
१२२/२०७६/०२/१६	वडा ९	ट्र्याकसुट खरिद	३८००००	सोझै खरिद
१२३/२०७६/०२/२३	वडा ७	ट्र्याकसुट खरिद	३८८०००	सोझै खरिद
१८५/२०७६/०३/१७	वडा ७	स्कुल व्याग वितरण	२८५०००	सोझै
२४०/२०७६/०३/२९	वडा ५	विद्यार्थिलाई जुत्ता मोजा ७३५ थान	३८००००	
२९८/२०७६/०३/२९	वडा ८	छाताब्याग लगायतका सामाग्रि	१९२०००	
५१/२०७५/१२/२६		विद्यालयलाई सामाग्री वितरण	४३२०००	खर्चको विलमात्र
		जम्मा रु.	३९९७१४८	

८.६ **खरिदको प्याकेज:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (१) मा सार्वजनिक निकायले खरिद कार्य गर्दा खरिद मुल्यको आधारमा अपनाउने खरिद बिधिको उल्लेख छ । सोही दफाको उपदफा (२) मा यो ऐन र नियमावली बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था छ । नियमावलीको नियम ७ मा खरिदको गुरु योजना र नियम ८ मा बार्षिक खरिद योजना स्वीकृत गराई खरिद गर्नुपर्ने र नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने सम्वन्धी व्यवस्थाहरु उल्लेख छन । कार्यालयले वार्षिक खरिद योजना बनाई सोही बमोजिम स्वीकृत कार्यक्रम अनुसार खरिद कार्यहरु गर्नुपर्नेमा सो बमोजिम गरेको छैन । विभिन्न कार्यक्रम संचालनको क्रममा खरिद गरेका विभिन्न सामाग्री तथा सम्पत्तीहरु, विभिन्न किसिमका कार्यक्रमको लागी चाहिने सामाग्रीहरु आदि खरिद कार्य गर्दा साना ठुला सबै कार्यक्रम प्रत्येकको छुट्टा छुट्टै रुपमा कार्यक्रम वाईज सोझै वा दररेट लिएर खरिद गरेको छ । वार्षिक खरिद योजना अनुसार सबै प्रकारका मालवस्तु तथा सम्पत्तीको एकमुष्ट प्याकेज बनाएर सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ ले तोकेको खरिद विधि र प्रकृया पुरा गरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्ने व्यवस्था मिलाउनु पर्नेमा सो बमोजिम नगरी

<table>
<tr><td></td><td>साना ठुला सबै कार्यक्रम वाइज छुट्टा छुट्टै रुपमा खरिद गर्ने गरिएको छ । जसले गर्दा एउटै सामाग्री समेत कार्यक्रम वाइज पटक पटक खरिद गर्नु परेको, एउटै सामाग्रीको मूल्य समेत फरक पर्ने गरेको, एउटै सामग्री फरक फरक बिक्रेताबाट एउटै वा फरक मितिमा खरिद गर्ने गरिएको अवस्था बिद्यमान रहेको देखियो । वर्ष भरिमा कुन कुन मालवस्तु के कति परिमाणमा के कति मूल्यको खरिद भयो एकमुष्ट अभिलेख अद्यावधिक नगरेबाट यकिन गर्न सकिएन । यसवाट खरिद कार्य व्यवस्थित, कानुन सम्मत, मितव्ययी र प्रतिस्पर्धी रुपमा भयो भन्न सकिने देखिएन । यसमा सम्वद्ध निकायले ध्यान दिई कानून बमोजिम सुधार गरिनु आवश्यक छ ।</td><td></td></tr>
<tr><td></td><td>आन्तरिक आय तर्फ :</td><td></td></tr>
<tr><td>९.</td><td>आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ अनुसार आम्दानी खर्च पुष्टि हुने गरि प्रमाण राख्नुपर्ने व्यवस्था छ । कार्यालयले योवर्ष देहाय बमोजिम आन्तरिक आम्दानी रु.४५५२५८६गरेको बिवरण प्राप्त भएको छ । गाँउपालिका कार्यालय र ९ वडा कार्यालयहरुले गाँउपालिकाबाट प्राप्त रसिद प्याड थान, आम्दानीमा प्रयोग भएका रसिद र बाकी रहेका रसिदको अभिलेख अद्यावधिक गरेको छैन । तोकिएका म.ले.प.फारम नं. १०८, १०८(क) र (ख), १०९ र २३ लगायत निम्नानुसारका अभिलेख व्यवस्थित राखेको नदेखिदा गाँउपालिका र वडा कार्यालयबाट भएको आम्दानी यकिन गर्न सकिएन । यस सम्वन्धमा यथार्थता छानविन गरीनु पर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>

आन्तरीक आयमा प्रयोग हुने रसिदको छपाई, आम्दानी, खर्च र बांकीको अभिलेख देखिने रसिद नियन्त्रण खाता व्यवस्थित नरहेको,
गत आ.व.मा छपाई भएका नगदी रसिद समेत प्रयोगमा आएको पाइएको तर त्यसको अ.ल्या. र बाकी समेत देखिने अभिलेख अद्यावधिक नगरेको,
वडामा पठाइएको रसिद र हाल रसिदको अवस्थाको सम्वन्धमा अभिलेख अद्यावधिक नभएको,

</td><td></td></tr>
<tr><td></td><td>
<table>
<tr><td>अन्य आन्तरीक आय</td><td>१६१४१००</td></tr>
<tr><td>विविध आन्तरीक आय वडा कार्यालय</td><td>१६०९८५२</td></tr>
<tr><td>मेशिनरी औजार भाडा</td><td>१३२८६३४</td></tr>
<tr><td>जम्मा रु</td><td>४५५२५८६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९.१</td><td>आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३ को उपदफा १ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मा आएको सरकारी नगदको हकमा सोहि दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गरि स्रेस्ता खडा गर्नुपर्ने र उदफा ५ मा दाखिला गर्नुपर्नै त्यस्तो नगदी रकम बैक र कार्यलय बीचको दुरी समेतलाई विचार गरी महालेखा नियन्त्रक कार्यालयले नगद दाखिला गर्न थप म्याद तोकिदिन सक्नेब्यवस्था भएकोमा गाँउपालीका र अन्तरगतका वडा कार्यालयले ऐनमा उल्लेख भए बमोजिमको समायावधिमा बैक दाखिला नगरी ढिलो दाखिला गर्ने गरेको देखियो । आम्दानी भएको रकम तोकिएको समयमा दाखिला गर्ने तर्फ सम्वन्धित पक्षले ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>९.२</td><td>गाँउपालिका अर्न्तगत नागदह, मलेपु, कोशिखेत, गुमुखोला, चप्लेटि, सिँगटी क्षेत्रमा रहेको बालुवा, गिटि, रोडा, लोहोरे ढुङ्गा आदि संकलन र बिक्रीको लागि न्युनतम रु.२००१४९२० (मु.अ.कर बाहेक) ठेक्का अंक कायम गरी आह्वान गरेको बोलपत्रमा प्रस्तावक कालिन्चोक रोडवेज प्रा.लि.संग निजको कबोल अंक रु २ करोड १५ हजारमा सम्झौता २०७५/०८/२० गते गरिएको देखियो । जसमा निम्नानुसार देखिन आयो ।</td><td></td></tr>
<tr><td>९.२.१</td><td>सम्झौताको दफा २ अनुसार २०७५ मंसिरसम्म रु.४० लाख ३ हजार, २०७५ माघसम्म रु. ८० लाख ६ हजार, २०७५ चैत्रसम्म रु.४० लाख ३ हजार र २०७६ जेष्ठसम्ममा रु.४० लाख ३ हजारका दरले किस्ता बुझाउनु पर्ने प्रावधान रहेकोमा ठेकेदारले सम्झौता गर्दा २.५% ले हुने रु.५ लाख ४ हजार र २०७६ जेष्ठमा रु.३० लाख बझाएको देखियो । निजले बाँकी किस्ता रकम नबुझाएकोले कार्यालयले निजको नेपाल बैक लिमिटेडमा रहेको कार्य सम्पादन जमानत जफत गरि २०७६ श्रावण २९ गते रु.१ करोड ६१ लाख असुल गरेको छ । निजले बुझाउन बाकी रहेको किस्ता रु.४ लाख ११ हजार र समयमा किस्ता नबुझाए बापत नियमानुसार लाग्ने ब्याज र जरिवाना समेतको रकम निजको सेन्चुरी बैकमा रहेको कार्यसम्पादन जमानत रु.१५ लाख मध्येबाट जफत गरि असुल गर्नुपर्नेमा कार्यालयले सो बमोजीम नगरी उक्त बैकमा रहेको कार्यसम्पादन जमानतको मान्य अवधि समाप्त भैसकेको पाइयो । यसप्रकार निजबाट असुल हुन बाकी किस्ता रु.४ लाख ११ हजार र नियमानुसार लाग्ने ब्याज र जरिवाना समेतले हुने रकम कार्यालयका जिम्मेवार पदाधिकारी र कर्मचारीलाई जवाफदेखि तुल्याई असुल हुनुपर्ने रु..</td><td>४११०००</td></tr>
</table>

९.२.२	ठेकेदारले सम्झौता बमोजिम बुझाउनु पर्ने कबोल अंक रु.२ करोड १५ हजार रकममा लाग्ने मु.अ.कर १३% ले हुने रु.२६०१९५० सम्झौता बमोजिम निज ठेकेदारले संघिय मूल्य अभिबृद्धि कर खातामा दाखिला गर्नुपर्नेमा सो बमोजिम भए गरेको नदेखिएकोले मु.अ.कर ऐन र नियमावली बमोजीम लाग्ने ब्याज, शुल्क, र जरिवाना समेत असुल गरी संघिय राजस्व खातामा दाखिला गर्नुपर्ने देखिएको रु...	२६०१९५०
९.२.३	उक्त बालुवा, गिटी, ढुङ्गा, रोडा ग्राभेल संकलन र विक्रि सम्वन्धी ठेक्का पट्टा लगायतको सक्कल प्रमाण कागजात दोलखा जिल्ला अदालत, चरिकोटको च.न.६३७ मिति २०७६/०७/०५ को पत्रबाट माग भए बमोजीम कार्यालयको च.न. ५१४ मिति ०७६/०७/१४ वाट दोलखा जिल्ला अदालतमा पठाएको जवाफ प्राप्त हुन आएकोले लेखापरीक्षणको लागि पेश हुन नआएको हुदा पेश हुनु पर्दछ ।	
१०.	**प्रधानमन्त्री रोजगार कार्यक्रमः** स्थानीय तहमा सुचिकृत बेरोजगार व्यत्तिलाई न्यूनतम रोजगारी प्रत्याभुत गराउन एवम् सामुदायिक पुर्वाधारको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउन प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएको छ । गाउँपालिकामा यो वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन रु.१८३०१२४ खर्च भएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २ (ट) मा बेरोजगार व्यक्तिलाई स्थानीय तहको रोजगार सेवा केन्द्रमा सुचिकृत गरि परिचय पत्र वितरण गर्नुपर्ने व्यवस्था छ । कार्यविधिको दफा १३ (१) मा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरु मध्येबाट निर्देशिकाको दफा २१ को उपदफा (३) बमोजिमको प्राथमिकताक्रमका आधारमा काममा खटाउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले बेरोजगार व्यक्तिहरुको सुचिकृत गरि बेरोजगार परिचयपत्र वितरण गरेर प्राथमिकताको आधारमा मात्र कामका लागि पारिश्रमिक कार्यक्रममा सहभागी गराउनु पर्नेमा गरेको छैन । वडाको सिफारिशको आधारमा मात्र कामदारहरु छनौट गरि कार्यक्रम सञ्चालन गरेको देखिँदा वास्तविक बेरोजगार व्यक्तिहरुले रोजगारी प्राप्त गरे भन्ने आधार रहदैन । कार्यक्रममा सहभागी कामदारको ज्याला बैंकिङ् प्रणालीबाट भुक्तानी गर्ने अवस्था हुँदा हुदै त्येसो नगरी वडा अध्यक्षलाई वितरणको लागि नगदै दिएको पाईएकोले वितरण गरिएको रकम विश्वसनिय छ भन्न सकिएन । आयोजना सञ्चालन पुर्व स्थानीय तहले प्राविधीक कर्मचारी खटाई प्राविधिक प्रतिवेदन तयार गर्नुपर्ने, सोको नियमित प्राविधिक सुपरिवेक्षण र अनुगमन गर्नुपर्नेमा गरेको प्रतिवेदन संलग्न भएको छैन । कानूनमा भएको व्यवस्थाको पालना गर्दै सुचिकृत बेरोजगारहरुले रोजगारी पाउने अवस्थाको सृजना गरेर, रोजगार व्यवस्थापन सुचना प्रणालीलाई अद्यावधिक गर्दै कामका लागि पारिश्रमिक कार्यक्रमलाई विश्वसनिय र प्रभावकारी बनाउनु पर्दछ ।	
	सामाजिक सुरक्षा कार्यक्रम तर्फ	
११.	सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधी, २०७५ को दफा १० को उपदफा (१) मा स्थानीय तहले भत्ता पाउने लाभग्राहीको फोटो सहितको अनुसुची ५ बमोजिमको मूल अभिलेख अद्यावधिक गरी वडा अनुसार प्रत्येक वडा कार्यालयमा राख्नुपर्नेछ । लाभग्राहीको तोकिए बमोजिमको विवरण निर्दिष्ट समय भित्र एमआइएसमा प्रविष्टि गर्नुपर्ने छ भनि लाभग्राहीको अभिलेख राख्नुपर्ने व्यवस्था छ । गाँउपालिकाको कार्यालयले योवर्ष ९ वडा कार्यालय मार्फत जेष्ठ नागरिक तथा सामाजिक सुरक्षा भत्ता रु.४६२०४६०० वितरण गरी खर्च लेखेको छ । यसरी वितरण गर्दा वडा कार्यालयहरुले उक्त नियमावलीले गरेको व्यवस्था बमोजिम फोटो सहितको मूल अभिलेख किताव अद्यावधिक नगरेको व्यहोरा जानाकारी भयो । एमआइएस डाटालाई आधार मानी भुक्तानी गर्ने गरेको छ ।उक्त एमआइएस डाटा अद्यावधिक गराउदा के कति भरपर्दो तवरबाट गरिएको छ स्पष्ट आधार र प्रमाण पेश हुन आएन । यस प्रकार बितरण गरेको जेष्ठ नागरिक तथा सामाजिक सुरक्षा भत्ता यथार्थ र भरपर्दो किसिमबाट बितरण भयो भन्न सकिने देखिएन । यस सम्वन्धमा सम्वन्धित निकायबाट यथार्थता यकिन गरिनु पर्ने देखिन्छ ।	
११.१	सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधी, २०७५ को परिच्छेद ७ मा यस कार्यविधीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि मन्त्रालयको स्वीकृती बेगर हातहातै नगद वितरण गर्न पाइने छैन भन्ने उल्लेख गरी बैंक मार्फत भत्ता वितरर्ण सम्वन्धी विबिध व्यवस्था गरेको छ । गाँउपालिकाको कार्यालयले योवर्ष ९ वडा कार्यालय मार्फत जेष्ठ नागरिक तथा सामाजिक सुरक्षा भत्ता रु.४६२०४६०० वितरण गर्दा भर्पाइ मार्फत सबै वडामा नगदै वितरण गरेको देखियो । यसरी नगदै बितरण गर्दा निर्देशिकाको उपरोक्त प्रावधान बमोजिम मन्त्रालयको स्वीकृती लिएको छैन । यसमा सम्वन्धित निकायले ध्यान दिनु पर्दछ ।	
११.२	**लगत अद्यावधिक नगरी भुक्तानीः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १२ को उपदफा (१) वमोजिम नाम दर्ता तथा नवीकरणवाट आगामी आर्थिक वर्षको लागि कायम हुन आएको लाभग्राहीहरुको संख्यात्मक विवरण प्रत्येक गाउँपालिकाले पौष मसान्त भित्र अनुसुचि–७ वमोजिमको ढाँचामा लगत अद्यावधिक गरी सोही अनुसार भुक्तानी गर्नु पर्ने प्रावधान छ । गौरीशंकर गाउँपालिका अर्न्तगतका ९ वडाहरुले भत्ता वितरण कार्यको लागि तोकिएको ढाँचामा चौमासिकगत लगत अद्यावधिक	

	नगरी खर्च लेखेको पाइयो । यसरी भत्ता वितरण गर्दा वास्तविक लाभग्राहीको संख्या यकिन गर्न नसकिने साथै कार्यविधिको परिपालना समेत नगरेको पाइयो । गाँउपालिकाले कार्यविधिको परिपालना गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
११.३	**लाभग्राहीको नाम नवीकरण:** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ७ को उपदफा (१) मा भत्ता प्राप्त गरिरहेका सबै प्रकारका लाभग्राहीले आगामी आ.व.मा भत्ता लिनका लागि तोकिएको ढाँचामा कार्यविधिको दफा ६ को उपदफा (१) मा उल्लेखित समयावधि भित्र सम्वन्धित गाउँपालिकामा दरखास्त दिनु पर्ने व्यवस्था छ । उपदफा (२) मा यसरी नविकरण नगर्ने लाभग्राहीले पछिल्लो आ.व.मा भत्ता नपाउने समेत उल्लेख गरेकोमा गाउँपालिकाले सोको परिपालना गरेको पाइएन । उल्लेखित व्यवस्था अनुसार अधिकाशं लाभग्राहीको नाम नबिकरण नगरि बिगत बर्षहरुमा भत्ता पाई राखेकाको नामावलीलाई नै नबिकरण मानी भत्ता बितरण गर्ने गरेको छ । अतः कार्यविधिको पालना गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।	
११.४	कार्यालयले पेश गरेको श्रेस्ता अनुसार बजेट खर्च रु.४६०९२६०० मा आषाढ महिनामा नगद फिर्ता गरेको रकम रु.८५३२०० घटाउदा बास्तवकि खर्च रु.४५२३९४०० हुनुपर्नेमा प्रमाणित आर्थिक विवरण अनुसार रु.४५३२४८०० कायम गरेको देखिएकोले बढी बजेट खर्च देखाएको रु.८५४०० को सम्वन्धमा यथार्थता एकिन गरि संघिय संचित कोषमा दाखिला गर्नुपर्ने देखिएको रु....	८५४००
११.५	कार्यालयले सामाजिक सुरक्षा पेश्की फछ्यौट गर्दा बचत भएको नगद रु.११०००० श्रावण महिनामा गाँउपालिकाको संचित कोषमा दाखिला गरेको देखिएकोले उक्त रकम संघिय राजस्व खातामा दाखिला गर्नुपर्ने देखिएको रु....	११००००
११.६	गाँउपालीकाको सामाजिक सुरक्षा तर्फको स्रेस्ता र कार्यालयले उपलब्ध गराएको लगतकट्टाको विवरण र आधिकारीक अधिकारको अनुसार निम्न अनुसारको वडामा लगत कट्टा गर्नुपर्ने नामावली MIS update नहुदा लगत कट्टा हुनुपर्नेको लगत कट्टा नभएको, नाम दोहोरो रहेको र नागरीकता नं. दोहोरो भेटिएर भएको बढी भुक्तानीको यथेष्ठ प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रकम रु....	८०४००

वडा.न.	व्यक्तिको नामथर	रकम
१	भाजु थामी	२४००
	मोहन कु.बस्नेत	२०००
	भमाया थापा	१०००
२	शम्शेर ब.बुढाथोकी	८०००
३.	अम्बर ब.तामाङ	२०००
	गणेश ब.खड्का	२०००
	नर ब.खत्री	२०००
	नर ब.तामाङ	२०००
	नर ब.खत्री	२०००
४	पूर्ण ब.घिमीरे	२०००
	सोमे थामी	२०००
	कृष्ण कु. अधिकारी	१०००
५	कृष्ण माया बुढाथोकी	८०००
	जगत ब. खड्का	४०००
	अभिमन्यु नेपाली	१६००
	रेक्सन लामिछाने	१६००
६	निमा शेर्पा	२०००
	दल ब.थामी	२०००
८	कर्णा नन्द खरेल	२०००
	चन्द्र ब. बस्नेत	२०००
	छविलाल शिवाकोटी	२०००
	तुलसादेवि शिवाकोटी	२०००
	पवित्रा शिवाकोटी	२०००
	प्रेम ब. शिवाकोटी	२०००
	सुक माया थापा	२०००

	हर्क ब. आचार्य	२०००
	कर्ण ब.थामी	२०००
	दिल ब. कार्की	८०००
	डवल कु. खत्री	१०००
	देव कु. खड्का	१०००
	समिर मुग्रान्ती	४८००
	जम्मा रु.	८०४००

	शशर्त अनुदान शिक्षा :	
१२.	**शिक्षकको अभिलेख :** शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६(झ) मा शिक्षा आयोगबाट नियुक्ती वा बढुवाको लागि सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था रहेको छ । जिल्ला शिक्षा कार्यलयले नियमावलीमा व्यवस्था भए बमोजिम शिक्षकको दरबन्दि अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भै आएका तथा गएका, सेवा निवृत भएका, विदामा रहेका, नँया नियुक्त भएका शिक्षक सम्वन्धी विवरण तयार गर्नुपर्ने हुन्छ । विद्यालयस्तरमा संचालन हुने कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५/०७६ अनुसार स्थानीय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्वन्धी यकिन विवरण जिल्ला शिक्षा कार्यालयबाट प्राप्त गरी सोही अनुसार खर्च लेख्नुपर्ने व्यवस्था छ । गाँउपालिकासँग शिक्षा कार्यालयबाट प्राप्त हुनुपर्ने विवरण माग गर्दा प्राप्त भएन । यसरी अभिलेख नराख्दा दोहोरो निकासा हुन सक्ने, दरबन्दी अनुसार पदपुर्ति नहुने तथा शिक्षकको समग्र ब्यवस्थापन गर्न कठिन हुन जान्छ । तसर्थ नियमावलीको परिपालना गरी शिक्षक सम्वन्धी अभिलेखको उचित ब्यवस्थापनमा ध्यान जानुपर्ने देखिन्छ ।	
१२.१	**तलवी प्रतिवेदन :** बिद्यालय स्तरमा संचालन हुने कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५/०७६ को खण्ड १ मा उल्लेख भए अनुसार शिक्षक तलब भत्ता सम्वन्धी जानकारीमा आधारभुत तथा माध्यमिक शिक्षकका लागि तलब भुक्तानी व्यवस्थापन सम्वन्धमा उल्लेख छ । कार्यालयले ५१ वटा विद्यालयलाई शिक्षकको तलवी प्रतिवेदन पारीत नगरी रु ९३७४६८०२।३९ निकासा दिएको छ । जसले गर्दा शिक्षकले पाउने तलब तथा ग्रेड रकम यकिन गर्न सकिएन । अतः तलबी प्रतिवेदन पारित नगराई निकासा भएको तलब खर्चलाई नियमित मान्न सकिएन ।	
१२.२	विद्यालय र विद्यालयसँग मातृ सम्वन्ध स्थापना गरी संचालन रहेको प्रारम्भिक बाल विकास केन्द्रका सहजकर्ताको पारीश्रमीक प्रति महिना ६००० का दरले चाडपर्व खर्च सहित १३ महिनाको हुन आउने रकम अनुदान दिदा सम्वन्धीत विद्यालयले प्रमाणीत हाजिरी र सिफारीस पेश गर्नुपर्ने सम्वन्धीत विद्यालयको शैक्षिक तथ्याङ्क (IEMS)भर्दा प्रारम्भिक बाल कक्षाको तथ्याङ्क अनिवार्य रुपमा भर्ने ब्यवस्था मिलाउनु पर्ने ब्यवस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५/०७६ मा उल्लेख गरिएको छ । गाँउपालीकाले उक्त विवरणहरु संलग्न नगरी पटक पटक गरी ३८ बाल विकास केन्द्रको लागि रु २९६४००० पारिश्रमीक खर्च लेखेको छ । आफ्नो क्षेत्र अर्न्तगतको बाल विकास केन्द्रको यकिन गरी गाँउपालीकाले अभिलेख अद्यावधिक गरी प्रगती प्रतिवेदन, हाजिरी विवरण संलग्न गरी खर्च लेख्नुपर्दछ ।	
१२.३	स्रोत ब्यक्तिको सिफारीस अनुसार चौमासिक रुपमा माग फारम संलग्न गरी स्पस्ट रुपमा खर्च लेख्नु पर्नेमा विद्यालयहरुले विभिन्न समयको छुट भएको उल्लेख गरी समय समयमा छुट माग फाराम संलग्न गरी पटक पटक खर्च लेखेको पाइयो । यसरी पटक पटक निकासा दिदा दोहोरो निकासाको जोखिम हुने भएकोले सम्भव भए एकैपटक रकम निकासा दिने व्यवस्था मिलाउनुपर्दछ । विद्यालयगत विवरण, सरुवा, बढुवा, अवकाश, शिक्षकको अभिलेख विद्यार्थी संख्या लगायतको विवरण संलग्न गरी अद्यावधिक तथ्याङ्क उपलब्ध गराई खर्च लेख्नुपर्नेमा सो विवरण ब्यवस्थित नराख्ने तथा निर्देशिका अनुसार कार्य नगर्ने, माग फाराम लगायतको तथ्याङ्क समेत पुर्ण रुपमा प्रमाणित गरी विवरण अद्यावधिक सहितको जिम्मेवारी नलिने स्रोत ब्यक्ति तथा शिक्षा संयोजकलाई सचेत गराई विवरण अद्यावधिक गर्न लगाउनु पर्दछ ।	
१२.४	शिक्षा मन्त्रालयबाट स्वीकृत विद्यालय क्षेत्र विकास कार्यक्रम क्षेत्र, जिल्ला, स्थानीय तह लगायत २०७५/७६ मा समावेश हुने सशर्त अनुदान रकम निकासा दिदा शैक्षिक तथ्याङ्क (Flash Report) र विद्यालय सुधार आयोजनालाई आधार लिने उल्लेख छ । विद्यालयमा अध्ययनरत विधार्थीको छात्रबृति दोहोरो नपर्ने गरी एक शैक्षिक क्षेत्रमा १ जनाको लागि १ पटकमात्र छात्रवृति वितरण गराउने उल्लेख छ । गाँउपालीकाले विद्यार्थीलाई पाठ्यपुस्तक, बुककर्नर तथा छात्रवृति उपलब्ध गराएकोमा कक्षागत रुपमा आधिकारीक विवरण पेश हुन आएन । कक्षागत रुपमा पाठ्यपुस्तक, छात्रवृति र ननसेलरी रकम फरक पर्न सक्ने देखिने हुदा कार्यालयले यथार्थता यकिन गर्नु पर्दछ ।	

भौचर न.	विवरण	रकम
७/२०७६/०३/१०	पाठ्य पुस्तक अनुदान	१२२६८३५
८/२०७६/०३/२२	पाठ्य पुस्तक अनुदान	२५६०५१
९/२०७६/०३/२२	पाठ्य पुस्तक अनुदान	२८१६९
१०/२०७६/०३/२९	पाठ्य पुस्तक अनुदान	४०६८९३
११/२०७६/०३/२९	पाठ्य पुस्तक अनुदान	३५२१०
११/२०७६/०३/२९	बुक कर्नर	१३६५०००
११/२०७६/०३/२९	छात्रवृति	१००५८००
	जम्मा रु.	**४३२३९५८**

१२.५ ६।२०७६।२।२९ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० र ११ मा सार्वजनिक निकायले निर्माण तथा मालसामान लागत अनुमान तयार गर्नुपर्ने र आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्च बील भरपाई सहित लेखा राख्नु पर्ने उल्लेख छ । गाँउपालीकाले निम्न विद्यालयलाई विज्ञान प्रयोगशाला निर्माण तथा ब्यवस्थापनको लागि अनुदान उपलब्ध गराएकोमा लागत अनुमान तयार नगरी विद्यालयको नाममा एकमुष्ठ रकम उपलब्ध गराएको छ । ल्याव तथा पुस्तकालयका लागि आवश्यक पर्ने सामाग्री, फर्नीचर तथा अन्य आवश्यक सामाग्रीको खर्चको बील भरपाई समेत पेश नगरी भुक्तानी भएकोले पेश हुनुपर्ने रु.... (५९५००००)

विद्यालयको नाम	विवरण	अनुदान रकम
जनज्योती मा.वि. लेप्टुङ्ग, लापिलाङ्ग	प्रयोगशाला निर्माण	६५००००
लापिलाङ्ग मा.वी.भिमसेनस्थान	प्रयोगशाला निर्माण	६५००००
भगवति मा.वि. लामीडाँडा	ICTसहितको पुस्तकालय निर्माण	६५००००
जल्पाश्वरी मा.वि. ताराचौर	ICTसहितको पुस्तकालय निर्माण	६५००००
कालीनाग मा.वि. सुनखानी	ICT सहितको पुस्तकालय निर्माण	६५००००
कालिनाग मा.वि. सिंगटी लामिडाड	ICTसहितको पुस्तकालय निर्माण	६५००००
सिल्का मा.वि. सिल्का सनखानी	ICT सहितको पुस्तकालय निर्माण	६५००००
भगवति आ.वि. पोखरे लापिलाङ्ग	शौचालय निर्माण	७०००००
सुर्योदय प्रा.वि. बेगुम्पा, कालिञ्चोक	शौचालय निर्माण	७०००००
	जम्मा	५९५००००

१२.६ शिक्षा तथा मानव विकास केन्द्र द्वारा तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५/७६ को कियाकलाप न. २.१५.११.७६९ मा विद्यालय र विद्यालयसँग मातृ सम्वन्ध स्थापना गरी संचालनमा रहेको वाल विकास केन्द्र यकिन गरी केन्द्रमा कार्यरत बाल विकास सहजकर्ताको पारिश्रमीक प्रमाणित हाजिरी र सिफारीस पेश गरेपछि प्रति महिना ६००० का दरले १३ महिनाको निकासा दिने उल्लेख छ । आर्थिक बर्ष २०७५/७६ को दोस्रो चौमासीकमा गुँरासे प्रा.वि. लापिलाङ्ग गाभिएर लापिलाङ्ग मा.वि. लापिलाङ्ग एउटा मात्र विद्यालय भएकोमा वाल विकास सहजकर्ता पारिश्रमीम बापतको दोस्रो र तेस्रो चौमासिक रु ४८००० दुवै विद्यालयलाई निकासा भएकोले दोहोरो निकासा भएको रकम लापिलाङ्ग मा.वि. लापिलाङ्गसँग असुल गर्नुपर्ने रु... (४८०००)

सशर्त स्वास्थ्यतर्फ

१३. निजामती सेवा ऐन, २०४९ को ७(ख) अनुसार जिल्ला स्थित सरकारी कार्यालयका कर्मचारीको तलब खर्च लेख्दा सम्वन्धीत जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले स्वास्थ्य महिला विकास तर्फका कर्मचारीको तलब खर्च लेख्दा तलबी प्रतिवेदन पारित नगराई स्वास्थ्य तर्फ रु.१०१३०००० र महिला विकास तर्फ रु.३८१००० तलबमा खर्च लेखेको रकम नियमित मान्न सकिएन ।

१३.१ आयकर ऐन, २०५८ को ८७(१) अनुसार निम्नानुसारका कर्मचारीलाई तलब भत्ता पारिश्रमिक भुक्तानी गर्दा कट्टा गरिएको सामाजिक सुरक्षा कर दाखिला गरेको प्रमाण पेश हुन नआएकोले पेश हुनुपर्ने रु...... (५९४४१)

भौ.न.मिति	विवरण	कट्टी गरिएको रकम	कैफियत
१०/२०७५/०६/१६	स्वास्थ्य तर्फका कर्मचारीको श्रावण, असोज र दशैखर्च	४६६०६/७४	सशर्त स्वास्थ्य
१४/२०७५/०६/२२	करार अनमी को तलब	६००	सशर्त स्वास्थ्य
१८/२०७५/०६/२४	स्वास्थ्य केन्द्र कर्मचारीका तलब	५९१/५६७	सशर्त स्वास्थ्य
२२/२०७५/०८/१२	कर्मचारीको कात्तिकको तलब	४४०२/८८	सशर्त स्वास्थ्य

२/२०७५/०६/२२, ४/०७५/८/१२	करार कर्मचारी शान्ती खड्काको तलब	१२१७/२०	सशर्त कृषि
१/२०७५/०६/२२ ५/२०७५/०८/१२	कविराज र का.स. को तलब	१९८६/५०	सशर्त आर्युर्वेद
८/२०७५/०६/२४ ९/२०७५/०८/१२	महिला विकास कर्मचारीको तलब	२९३५/४४	सशर्त महिला
	जम्मा रु.	५९४०/८३	

१३.२ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बील भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । निम्नानुसार भुक्तानीमा पेश भएका बिल भरपाई भन्दा भुक्तानी रकम बढी भएकाले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.... ४१०४४

भौ.न./मिति	ब्यहोरा	विलभरपाई	भुक्तानी	बढी
२४/२०७५/०७/१६	अ.स.ई अनमी, ना.प्र.स्वा.हे परिक्षा संचालन खर्चबापत	१२७६००	१३६६५०	९०५०
१७/२०७५/११/१२	विद्यालय आयुर्वेद शिक्षा, योग, शिक्षा, कार्यक्रम तथा जडीबुटी परिचयात्मक कार्यमा कविराज राम ब. पंडितले लिएको पे.फ	९६०००	१२५०००	२९०००
२०/२०७५/११/३	फर्निचर खरिद, पंचकर्म कार्यक्रम पे.फ.(आयुर्वेद तर्फ)	१२२००६	१२५०००	२९९४
			जम्मा रु.	४१०४४

१३.३ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३(क) मा फ्रिज नहुने बजेट उपशिर्षक प्रत्येक बर्ष महालेखा नियन्त्रक कार्यालयले तोकिदिनेछ । निम्नानुसार ब्यक्तिले पेश्की लिई कार्यक्रम संचालन गरेकोमा कार्यक्रममा भएको खर्चका बीलभरपाई राखि फछ्र्यौट गर्दा बाकी रहेको रकम गाँउपालीका संचित कोष खातामा दाखिला गरेको पाइएकोले उक्त रकम संघिय संचित कोष खातामा दाखिला गर्नुपर्ने रु. ३४२३००

भौ.न./मिति	कार्यक्रम / पेश्की लिनेको नाम	पेश्की	विलभरपाई	संचितकोषमा दाखिला
१४४/२०७६/०३/१०	आमा सुरक्षा अ.न.मी सुन्द्रावती स्वा.चौ	३२८००	२८०००	४८००
१४६/२०७६/०३/२९	स्वास्थ्य संयोजक शुशिल कुमार श्रेष्ठ	९२१०००	६१६७००	३०४३००
१६२/२०७६/०३/२९	सि.अ.न.मी कला खड्काा आमा सुरक्षा पेश्की	१०००००	६७८००	३३२००
			जम्मा रु.	३४२३००

१३.४ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(९) मा कार्यालय प्रमुखले आर्थिक कारोबार गर्दा आफ्ना मातहतका कर्मचारी उपर पूरा रेख पुर्याई नगद तथा जिन्सीमा कुनै किसीमको हिनामिना, हानि नोक्सानी वा लापरबाहि समेत हुन नपाउने गरी सरकारी नगद, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध गर्नुपर्ने उल्लेख छ । गाँउपालिकाले सशर्त स्वास्थ्य शिर्षकको बैक नगदी कितावमा रु.२४५३२९१७६० खर्च देखाएको छ भने लेखापरीक्षणको कममा भौचर अनुसार रु.२३९०८७१७५९ देखिएकोले खर्च फरक पर्न गएको रकम यकिन गरी हिसाव मिलान गर्नुपर्ने रु... ६२४२००

सशर्त पशुसेवातर्फ

१४. १५।२०७६।०१।२५, १६।२०७६।०१।२६ पशु अनुबांशिक स्रोत संरक्षण कार्यक्रम र लुलु आछामी गाई/भैसि/लामपुच्छे र कालो भेडा/हुर्रा बंगुर/सकिनि कुखुरा संरक्षण कार्यक्रमको लागि रु ३००००० बजेट विनियोजन भएकोमा रमेह थामीलाई ४५ वटा सकिनि कुखुरा, औषधी खरिद तथा उपकरण खरिद बापत ७५००० र लापिलाङ्ग २ बस्ने गोपाल थापालाई ब्याडे भेडा, थुमा खरिद, औषधी खरिद तथा घाँस व्यवस्थापन वापत रु७५००० भुक्तानी दिएकोमा पशुपालन कृषकलाई रकम भुक्तानी दिनुपर्दा अवलम्बन गरिने छनौटका आधार एवं उक्त कार्यको लागि कार्यालय र पशुपालक बीच भएका शर्त सहितको संम्झौता विना भएको रकम अनियमित भएको रु.... १५००००

१५. **सशर्त आर्युर्वेदतर्फ**

३४।२०७६।०३।२९ : आयकर ऐन २०५८ को दफा ८८(५) अनुसार बासिन्दा ब्यक्तिले नेपालमा स्रोत भएको भाडा भुक्तानी गरेकोमा १०% का दरले कट्टा गर्नुपर्ने ब्यवस्था छ । आर्युर्वेद औषधालय बसेको भिम ब.थामीको घर भाडामा लिई २०७५ माघ देखि असार सम्म मासिक ४५०० का दरले भक्तानी भएको भाडा रकम रु २७००० भुक्तानी गर्दा १०% कर कट्टी गर्नुपर्नेमा १.५% प्रतिशतका दरले रु ४०५ मात्र कट्टी गरेकोले नपुग कर रकम रु २२९५ असुल गरी दाखिला गर्नुपर्ने रु... २२९५

शसर्त कृषितर्फ

१६. २०।२०७६।०३।२९ ना.प्रा.स. शान्ती खड्काले कालिन्चोक गाँउपालिका वडा न. ९ सुन्द्रावतीमा तुलसी कृषि

	समुह र सुनखानीमा लाँलिगुरास कृषि समुहका कृषकलाई १६ हप्ते कृषक पाठशाला कार्यक्रम संचालन गर्दा पेश्की फछ्र्यौट समेत रु.२ लाख भुक्तानी भएको मध्ये बिलभपाई नपुगेको रु.९०६० असुल हुनुपर्ने रु....	९०६०
१६.२	कृषकपाठशाला कार्यक्रम संचालन गर्दा प्रशिक्षकहरुबाट कट्टा गरिएको र नगद पुरस्कार वितरण गर्दा कट्टी गरिएको कररु.४३५५ आयकर ऐन २०५८ को प्रावधान अनुरुप दाखिला गर्नुपर्ने रु......	४३५५
	प्रदेश विशेष अनुदान	
१७.	दोर्जे गुर्जुपा सडक निर्माण कार्यका नि.व्य. देवी रमण गुम्वेसि जे.भि. ले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) बमोजीम रु.४१४२५२७६० बराबरको कार्य सम्पादन जमानत पेश गर्नुपर्नेमा रु.४१३४००० मात्र पेश गरेकोले नपुग कार्य सम्पादन जमानत पेश गर्नुपर्ने रु..	८५२७
१७.१	निर्माण ब्यावसायिसँग मिति २०७६।०३।२४ मा कार्य सम्पन्न गर्ने सम्झौता भएकोमा ले.प.अवधिसम्म निर्माण व्यसायीले काम सम्पन्न नगरेको र म्याद थपको प्रक्रिया समेत अगाडी नबढाएबाट निर्माण कार्य अधुरो रहेको छ । अत:अधुरो रहेको कार्यको लागि नियमानुसारको पुर्व निर्धारीत क्षतिपुर्ति असुल गरी यथाशिघ्र कार्य सम्पन्न गराउनुपर्ने देखिन्छ ।.	
१७.२	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राहीलाई निर्माण कार्य वा सेवाको काम दिंदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धिकर, ओभरहेड कन्टिजेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर भुक्तानी दिनुपर्ने ब्यवस्था छ। उपभोक्ता समुहलाई निम्नानुसार भुक्तानी दिंदा संझौता बमोजीम उ.स.को योगदान कट्टा गरी भुक्तानी दिनु पर्नेमा बढी भुक्तानी भएको रकम असुल गनुपर्ने रु...	१८६७७

उ.स.नाम	लागत अनुमान	उ.स.योग दान	कार्यसम्पन्न	भुक्तानी हुनपर्ने रकम	भुक्तानी भएको रकम	बढी भुक्तानी
घिमिरेखोला कात्तिके सिसागोलाई ममोसी तोरीखेत देउराली गोशिखेत सडक नि.उ.स.	५३६७९०७	६१७९०७	५३५६३२८	४७३९८१४	४७५००००	१०१८६
यावलखोला वडा कार्यालय सडक स्तरोन्नती उ.स	५३०४६२३	५५४६२३	५२९५४१०	४७४१५९	४७५००००	८४९१
					जम्मा रु.	१८६७७

१७.३	आयकर ऐन, २०५८ को दफा ८७ (१) मा अनुसार निम्नानुसारको कार्यमा उपभोक्ता समितिले पेश गरेको खर्चका बील भरपाई डोर हाजिरी फाराम अनुसार भएको भुक्तानीमा सामाजिक सुरक्षा कर कट्टा गरेको पाइएन । ऐनको प्रावधान अनुरुप १% सामाजिक सुरक्षा कर कट्टा गरी दाखिला गर्नुपर्दछ ।	

उ.स.को नाम	लागत अनुमान	कार्यसम्पादन	डोरहाजिरी पेश	कर रकम
घिमिरेखोला कात्तिके सिसागोलाई ममोसी तोरीखेत देउराली गोशिखेत सडक नि.उ.स.	५३६७९०७	५३५६३२८	९४६२००	९४६२
यादवखोला वडा कार्यालय सडक स्तरोन्नती उ.स	५३०४६२३	५२९५४०९	२५५१६००	२५५१६
सिंगटी ग्राम सडक स्तरोन्नती उ.स.	५३४६०१७	४९७४७१०/७०	२०४७३५०	२०४७३
लामासिँह माने भट्टेली साखाल्पु हकर्पु एकघर एकधारा खा.पा.योजना उ.स.	५२७७८१२	४७२०८१२/६७	३३९६०००	३३९६०
			जम्मा रु.	८९४११

१७.४	मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिना आफुले बुझाउनु पर्ने कर स्वयं निर्धारण गरी महिना समाप्त भएको २५ दिन भित्र कर अधिकृत समक्ष तोकिए वमोजिम कर विवरण पेश गर्नुपर्ने ब्यवस्था छ। यावल खोला वडा कार्यालय सडक स्तरोन्नती कार्यको लागी उपभोक्ता समितिले पेश गरेको बील भर्पाई अनुसार एस.एस.आर.वि.एण्ड सप्लायर्स चरिकोटलाई मु.अ.कर १८१०६९।२० समेत १५७३९०९।२० भुक्तानी भएकोमा सप्लायर्स NON filler देखिएकोले भुक्तानी भएको मु.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने....	१८१०६९
	बित्तिय समानिकरण अनुदान चालु तर्फ :	
१८.	**तलबी प्रतिबेदन :** निजामती सेवा ऐन,२०४९ को दफा ७(ख) २ अनुसार जिल्ला स्थित सरकारी कार्यालयका कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस बर्ष कर्मचारीको तलव भत्ता लगायतको पारिश्रमिक खर्च लेखेकोमा नियममा व्यबस्था भए बमोजिम तलबी प्रतिवेदन पारित नगराई तलब खर्च लेखेको छ ।	

१८.१	**अघिल्लो अर्थिक बर्षको बैठक भत्ताः**९।२०७५।०५।०७स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ ले स्थानीय तहका प्रमुख, अध्यक्ष, उपप्रमुख, उपाध्यक्ष, वडाध्यक्ष तथा सदस्य लगायतका पदाधिकारीले आफू निर्वाचित भई काम कारबाही शुरु गरेको मिति देखि मासिक सुविधा पाउने व्यवस्था गरेको र सोही ऐनको दफा ४ ले पदाधिकारी र कर्मचारी बाहेकका सदस्य र सभाका सदस्यले न्यायिक समिति वा कुनै समितिको बैठकमा भाग लिए वापत अनुसूची १ मा उल्लेख भए बमोजिमको बैठक भत्ता वापतको रकम पाउने व्यबस्था छ । अनुसूची १ मा इजलाशको बैठक, विधायन समिति, लेखा समिति र सुशासन समितिका सदस्यलाई मात्र बढीमा १२ वटा बैठकको लागि रु.५०० का दरले बैठक भत्ता तोकेकोमा सो ऐन प्रारम्भ हुनु पूर्ब आर्थिक बर्ष २०७४।७५ मा पदाधिकारी तथा ५ जना कर्मचारीहरु समेतले प्रति बैठक रु.१००० का दरले रु.१४८९५०० भुक्तानी लिएकोमा ऐन प्ररम्भ हुनु अघिको खर्च असुल गर्नु पर्ने देखिएको रु..	१४८९५००
१८.२	**बैठक भत्ताः**स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ मिति २०७५/१/२० मा प्रमाणीकरण भएकोमा सो ऐनको दफा ३ ले स्थानीय तहका प्रमुख, अध्यक्ष, उपप्रमुख, उपाध्यक्ष, वडाध्यक्ष तथा सदस्य लगायतका पदाधिकारीले आफू निर्वाचित भई काम कारबाही शुरु गरेको मिति देखि मासिक सुविधा पाउने व्यवस्था गरेको र सोही ऐनको दफा ४ ले पदाधिकारी र कर्मचारी बाहेकका सदस्य र सभाका सदस्यले न्यायिक समिति वा कुनै समितिको बैठकमा भाग लिए वापत अनुसूची १ मा उल्लेख भए बमोजिमको बैठक भत्ता वापतको रकम पाउने व्यबस्था छ । अनुसूची १ मा इजलाशको बैठक, विधायन समिति, लेखा समिति र सुशासन समितिका सदस्यलाई मात्र बढीमा १२ वटा बैठकको लागि रु.५०० का दरले बैठक भत्ता तोकेको छ । गाउँपालिकाले यस आर्थिक बर्षमा विभिन्न पदाधिकारी तथा कर्मचारीलाई मासिक ३ बटा बैठकको दरले ३६ पटक बैठक बसेको देखाई प्रति बैठक रु.५०० का दरले रु.१०७७००० मा करकट्टी गरी भुक्तानी खर्च लेखेकोले ऐनले तोकेको समिति बाहेकका अन्य समितिले लिएको बैठक भत्ता भुक्तानी गर्ने कानूनी आधार नदेखिएर्को रु..	१०७७०००
१८.३	**बढी खर्च लेखेको :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) र (८) अनुसार खर्च पुष्टिहुने प्रमाण तथा भुक्तानी दिन रीत पुगेको हुनुपर्ने व्यवस्था छ । गाउँपालिकाले आर्थिक बर्ष २०७४।७५ को अन्य सेवा शुल्कको भुक्तानी यस आर्थिक बर्षको भौ नं.७८ मिति २०७५।०८।२० रु.३६००० खर्च लेखेको देखिएकोमा रु.३००६० को मात्र बील भरपाई संलग्न रहेकोले बढी खर्च लेखेको रु.५९४० असूल हुनु पर्ने रु..	५९४०
१८.४	**बढी खर्च : ३२।२०७५।०६।२४**गाउँपालिकाले जना कर्मचारीहरुको २०७५ श्रावण देखि असोज चाडपर्व खर्च सम्मको पारिश्रमिक रु.९४४००० भुक्तानी गर्दा तलबी भरपाई भन्दा रु.१२७५० बढी खर्च लेखेको देखिएकोले बढी खर्च लेखेको रकम असूल हुनु पर्ने रु...	१२७५०
१८.५	**बढी खर्च लेखेको :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) र (८) अनुसार खर्च पुष्टि हुने प्रमाण तथा भुक्तानी दिन रीत पुगेको हुनुपर्ने व्यवस्था छ । गाउँपालिकाले भौ नं १६३ मिति २०७५।११।३० मा अन्य भत्ता खर्च शीर्षकमा ७ जनाको ४७ वटा बैठकको प्रति बैठक रु.१५०० कादरले रु.७०५०० भुक्तानी दिनुपर्नेमा रु.७९५०० खर्च लेखेकोले बढी खर्च लेखेको रु.९००० असूल हुनु पर्ने रु..	९०००
१८.६	**पदाधिकारीको पारिश्रमिकः** गाँउपालिकाका जनप्रतिनिधिहरुको २०७५ साउन देखि असोज मसान्तसम्मको पारिश्रमिक रु.१३२२१०० उपलब्ध गराँउदा गाउँपालिका सदस्य तथा वडा नं.६ का सदस्य डबल पाण्डे जिल्ला समन्वय समितिका प्रमुख भइसकेको अवस्थामा उहाँको पारिश्रमिक जि.स.स.दोलखाबाट भुक्तानी भएकोमा ३ महिनाको प्रति महिना रु.५,००० का दरले रु.१५०००मा १प्रतिशत सामाजिक सुरक्षा कर रु.१५० कटाई बाँकी रु.१४८५० भुक्तानी भएकोमा असुल हुनुपर्ने रु..	१४८५०
१८.७	**पदाधिकारी सुविधा :** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा मिति २०७५ वैशाख २० मा प्रदेश नं. ३ प्रदेश सरकारद्वारा सुविधा सम्बन्धी प्रकाशित ऐनमा सपथ ग्रहणको दिनबाट सुविधा पाउने व्यवस्था छ । गाउँपालिका वडा नं ८ का ३ जना वडा सदस्यले आर्थिक बर्ष २०७४।७५ को पारिश्रमिक भत्ता शीर्षकबाट रु.२०७९०० भुक्तानी लिएकोमा अघिल्लो आर्थिक बर्षमा उक्त भुक्तानी भए	

	नभएको सम्बन्धमा यकिन नभएको साथै उक्त रकम भुक्तानी हुँदा १ प्रतिशत सामाजिक सूरक्षा कर रु.२०७९ पनि कट्टी गरेको नदेखिएको रु.	२०७९००
१८.८	**भ्रमण खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा बील भरपाई सहित लेखा राख्नुपर्ने उल्लेख छ । निम्न अनुसारका कर्मचारीले बिभिन्न स्थानमा भ्रमण गरेको देखाई भ्रमण आदेश स्विकृत गराई भ्रमण खर्च बाापत लिएको भुक्तानीमा नियमावलीमा भएको व्यवस्था अनुसार भ्रमण विल पेश नगरी भुक्तानी लिएको रकम नियमसंगत नदेखिएको रु.....	९९४५०

भौ.न./मिति	**कर्मचारीको नाम**	**भ्रमण विल रकम**
५६/२०७५/०६/२४	प्रविन चौहान	१०६००
१९३/२०७५/१०/२७	राज कुमार पटेल	७५००
	जिम्मी तामाङ	७३००
	भगवति अधिकारी	६७००
	नवराज सन्त्याल	७८००
	कुमार पोखरेल	१५६५०
	रामचन्द्र पौडेल	१६०००
	बालकृष्ण हुमागाई	११०००
	राम कृष्ण श्रेष्ठ	१६९००
	जम्मा	**९९४५०**

१८.९	**पदाधिकारी भ्रमण खर्च :**स्थानीय तहकापदाधिकारी तथा सदस्यलेपाउने सुबिधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ७ मा दैनिक भ्रमण भत्ता पदाधिकारी सदस्य तथा सभाका सदस्यले कार्यालयको कामको शिलसिलामा नेपालभित्र वा नेपाल बाहिर भ्राण गर्दा अनूसूची १ मा उल्लेख भएबमोजिमको दैनिक भ्रमण भत्ता पाउनेछ भन्ने व्यबस्था छ । गाउँपालिकाले निम्न पादधिकारीको निम्नानुसार भ्रमण खर्च लेखेकोमा भ्रमण आदेश मात्र स्वीकृत भएको तर भ्रमण बील पेश नभएको अबस्थामा भ्रमण खर्च लेखेको देखिएकोले भ्रमण बील बेगरको खर्च रु.७६३५१। अनियमित देखिएको रु.	७६३१५

क.सं	**पदाधिकारीको पद नाम**	**भुक्तानी**	**भ्रमण बिल पेश भएको**	**भ्रमण बिल पेश नभएको**
१	का.पा. सदस्य लक्ष्मी शिवाकोटी	३८१००	०	३८१००
२	का.पा. सदस्य कल्याणी शिवाकोटी	३८१००	२८३५०	९७५०
३	का.पा. सदस्य चन्द्रबहादुर थामी	३८१००	३८१००	०
४	का.पा. सदस्य मंगल बहादुर थामी	३८०००	३८०००	०
५	का.पा. सदस्य सुमित्रा शंकर	३८१००	३८१००	०
६	का.पा. सदस्य राधिका खड्का	३८०००	९५३५	२८४६५
	जम्मा रु.	**२२८४००**	**१५२१८५**	**७६३१५**

१८.१०	**स्थानीय भत्ता:**२०८/२०७५/१२/२५ आर्थिक कार्यविधि नियमावलीको नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यबस्था छ । गाउँपालिकाका सुचना प्रविधि अधिकृत प्रविन चौहानले अधिकृतस्तरको कर्मचारीले पाउने मासिक स्थानीय भत्ता रु.१२९० रहेकोमा निजको २०७५ चैत्र महिनाको तलब भत्ता भुक्तानी गर्दा रु.३५४६० स्थानीय भत्ता भुक्तानी गरेको देखिएकोले नियमानुसार भन्दा बढी भुक्तानी भएको ३४१७०को प्रमाण पेश हुनु पर्ने अन्यथा असुल गर्नुपर्ने रु...	३४१७०
१८.११	**बिद्युत महशुल भुक्तानी :** गाउँपालिकाले प्राथमिक स्वास्थ्य केन्द्र सिंगटीको २०७४ चैत्र देखि २०७६ बैशाख महिना सम्मको बिद्युत महशुल रु.४५९७३ भुक्तानीका लागि नेपाल बिद्युत प्रधिकरण दोलखा बितरण केन्द्रबाट मिति २०७६।०१।१७ को पत्रमार्फत ग्रहक नं ००७.१९.२०१ ए सिंगटी लाई माग गरेकोमा गाउँपालिकाले रु.११०००० खर्च लेखेको देखिएकोले बढी खर्च लेखेको रु.६४०३३ महशुल समायोजनको प्रमाण पेश हुनु पर्ने अन्यथा असूल हुनु पर्ने रु.	६४०३३
१८.१२	**प्रतिस्पर्धा बेगर खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नमिल्ने व्यवस्था छ । नियमावली, २०६४ को निमय ८४ मा रु. ५ लाख देखि २० लाख लागत अनुमान भएको माल सामान शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद	

	गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले शिलबन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा सो नगरी रु.४१६४२३५ को बिभिन्न कार्यालय सामान, मसलन्द, फर्निचर तथा मेशिनरी औजार जस्तै ल्यापटप, डेक्सटप, प्रिन्टर लगायतका सामानहरु पटक पटक सोझै खरिद गरेको पाइयो । खरिद कार्य गर्दा नियमको परिपालना नगरी पटक पटक सोझै खरिद गरेको देखिएबाट यस सम्वन्धमा सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।	
१८.१३	**जिन्सी दाखिला :** आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ४७ (१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको तथा खरीद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा बस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएका जिन्सी मालसामानको बिबरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिन भित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्याबधिक गरी राख्नुपर्ने व्यबस्था छ । गाउँपालिकाले अन्य सेवा शुल्क खर्च शीर्षकमा मिति २०७५।०६।२५ मा एल.ई डि रेन्बो टि.भी इलेक्ट्रोनिक पसलबाट निम्नानुसारका सामान खरिद गरी रु.५८७६०भुक्तानी गरेकोमा सामानहरु गाउँपालिकाले आफ्नो जिन्सी किताबमा आम्दानी गरेको नदेखिएको साथै अन्य कुन प्रयोजनमा प्रयोग भएको हो सोको प्रमाण पनि पेश नभएकोले सामानको उपयोग खुल्ने प्रमाण पेश हुनुपर्ने अन्यथा असूल हुनु पर्ने रु...	५८७६०

सामानको बिबरण	परिमाण	प्रतिइकाइ मूल्य	भुक्तानी रकम मू.अ.कर समेत
Him Hiter	२थान	६०००	१३५६०
Him Fan	३थान	५०००	१६९५०
Sansui Bottol	५पिस	५०००	२८२५०
जम्मा			**५८७६०**

१८.१४	**अन्य कार्यालयको खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा स्वीकृत बजेट रकम स्वीकृत निकायको लागि भएको र सोही अनुसार अन्यत्र प्रयोजनमा खर्च नगर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारका सामान खरिद गरी खर्च लेखेकोमा अन्य कार्यालय सम्बन्धी खर्च भनि रु.११५५२९ रकम भुक्तानी दिएको नियमसम्मत देखिएन रु..	११५५२९

भौ नं मिति	सामानको बिबरण	भुक्तानी पाउने सप्लायर्स	रकम	कैफियत
१६०.२०७५.११.२६	वाल फ्यान सहित ७ प्रकारका सामान	एल.ई डि रेन्बो टि.भी इलेक्ट्रोनिक पसलबाट,दोलखा	६५५१६	गाउँपालिकाको जिन्सी खातामा आम्दानी नभएको
१६३.२०७५.११.२६	फोटोकपी पेपर सहित ९ प्रकारका सामान	न्यू भीमेश्वर छापाखाना चरिकोट	५००१३	गाउँपालिकाको जिन्सी खातामा आम्दानी नभएको
		जम्मा रु.	**११५५२९**	

१८.१५	**छुटको प्रमाण :** २८।२०७५।०६।२२ गाँउपालिकाले २०७५ श्रावण देखि असोजसम्मको र चाडपर्व खर्च १३ जना कर्मचारीको तलब खर्च भुक्तानी गर्दा कार्यालय सहयोगी भिम बहादुर थामीको छुट तलब भनि रु.१४४०००। खर्च लेखेको छ । तलब रकम छुट भएको देखिने तथा कुन महिनको के कति रकम छुट भएको हो सो को प्रमाण कागजात बेगर खर्च लेखेको रकमको छुट देखिने प्रमाण कागजात पेश हुनु पर्ने रु..	१४४०००
१८.१६	**बढी भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) र (८) अनुसार खर्च पुष्टि हुने प्रमाण र भुक्तानी दिन रीत पुगेको हुनुपर्ने व्यबस्था छ । गाउँपालिकाले भौ नं २८० मिति २०७६।२।२९ मा तलब खर्च शीर्षकमा १७ जनाको जेष्ठको तलब खर्च लेखेकोमा का.स.पोखल बहादुर खत्रीको महंगी भत्ता रु.२००० भुक्तानी दिनुपर्नेमा रु.४००० खर्च लेखेकोले बढी खर्च लेखेको रु.२००० असूल हुनु पर्ने रु..	२०००
१८.१७	**बढी भुक्तानी :** १६९।२०७५।११।३० गाँउपालिकाले सोहन मेडिहेल्थ भक्तपुरबाट शिलबन्दी दरभाउपत्रको माध्यमबाट बिभिन्न औषधि खरिद गर्दा १४८९९९० को सम्झौता भएकोमा रु.१४९४४३९ भुक्तानी गरेकोले सम्झौता भन्दा बढी भुक्तानी भएको रु.४४४९ असूल हुनु पर्ने रु..	४४४९
१८.१८	**पारिश्रमिक कर :** ११६।११।२० कार्यालयले चौरीको प्रपोजल तयारी गरे वापतको पारिश्रमिक भनि प्रो राजेन्द्र प्रसाद देबकोटालाई रु.२०००० भुक्तानी गरेकोमा के कुन कार्य गरेको हो सो खुल्ने प्रमाण कागजात संलग्न नभएको साथै उक्त भुक्तानीमा पारिश्रमिक कर रु.३००० कट्टी गरेको नदेखिएकोले असुल गर्नुपर्ने रु..	३०००
१८.१९	**सामाजिक सूरक्षा कर :**३४।२०७५।०६।२४ आयकर ऐन, २०५८ मा पाश्रिमिक भुक्तानी गर्दा १ प्रतिशतका दरले सामाजिक सूरक्षा कर कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले अन्य सेवा शुल्क	१३६५

	शीर्षकमा ज्यालादारी कर्मचारीको २०७५ कार्तिकको पारिश्रमिक रु.१३६५०० भक्तानी गर्दा सामाजिक सूरक्षा कर रु.१३६५ कट्टी गरी भुक्तानी गर्नुपर्नेमा कट्टी गरेको नदेखिएकाले असूल हुन पर्ने रु...	
१८.२०	**अग्रिम कर:**२६७२०७६।०२।०२ आयकर ऐन, २०५८ को दफा ८९(१) अनुसार भूक्तानी गर्दा १.५ प्रतिशतका दरले अग्रिम कर कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले कार्यालय सम्बन्धी खर्च शीर्षकमा अर्थान्तर साप्ताहिकलाई सूचना प्रकाशन बापत रु.८०००० भुक्तानी गरेकोमा नियमानुसार अग्रिम कर रु.१२०० कट्टी गरेको नदेखिएकोले असुल हुनुपर्ने रु..	१२००
१८.२१	**अग्रिम कर:**आयकर ऐन, २०५८ को दफा ८९(१) अनुसार भूक्तानी गर्दा १.५ प्रतिशतका दरले अग्रिम कर कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले आर्थिक बर्षभरिमा बिभिन्न मितिमा खाजा तथा खाना खर्च भनि कालिका जरासिन्धु होटल एण्ड लज कटुवाचौर,दोलखालाई बिभिन्न बिलबाट रु.११८४९१४ रकम भुक्तानी दिएको देखिएकोमा आयकर ऐन बमोजिम अग्रिम कर रु.१७७७३ कट्टी गरेको नदेखिएकोले असूल गरी दाखिला हुनुपर्ने रु.	१७७७३
१८.२२	**अघिल्लो आर्थिक बर्षको भ्रमण खर्च :** गाँउपालिकाले जिल्ला समन्वय अधिकारी तुलसी नाथ गौतमको मिति २०७५।०१।१४ देखि ऐ १९ सम्म र मिति २०७५।२।११ देखि ऐ १३ सम्मको भ्रमण खर्च भुक्तानी बाकीको कच्चावारी प्रमाणित नगरी भुक्तानी गरेकोले अघिल्लो आर्थिक बर्षको भुक्तानी रकम अनियमित देखिएको रु.	१२०००
१८.२३	**अघिल्लो आर्थिक बर्षको भुक्तानी :** गाँउपालिकाले मिति २०७४।१२।१३ मा लापिलाङमा गाउँकार्यपालिकाको बैठक बसेको र उक्त बैठकमा पदाधिकारीले खाएको खाना तथा खाजाको भुक्तानी भनि नगद उधारो बिल राखी रु.८४५९० रकम खर्च लेखेको छ । अघिल्लो आर्थिक बर्षमा उक्त रकम खर्च लेखे नलेखेको सम्बन्धमा यकिन हुन नसकिएकोले सम्बन्धित आ.ब.मा भएको खर्च रकमको भुक्तानी भए वा नभएको प्रमाणित कागजात बेगर यस आर्थिक वर्षमा खर्च गरेको रकम अनियमित देखिएको रु.	८४५९०
	युनिसेफतर्फ :	
१९.	**कर दाखिला बाँकी :** गाउँपालिकाले आन्तरिक युनिसेफबाट भएको खर्च मध्ये बिभिन्न भौचरवाटकट्टी गरेको कर रु.१३३७९ आयकर ऐन, २०५८ को दफा ९० ले तोकेको समयमै सम्बन्धित राजस्व शीर्षकमा जम्मा गर्नु पर्नेमा गरेको नदेखिएकोले सम्बन्धित शीर्षकमा दाखिला गरेको भैचर पेश हुनु पर्ने रु..	१३३७९
१९.१	**अग्रिम कर:**आयकर ऐन, २०५८ को दफा ८९(१) अनुसार भूक्तानी गर्दा १.५ प्रतिशतका दरले अग्रिम कर कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले युनिसेफबाट कार्यक्रम संचालन गर्दा स्टेशनरी तथा सामान खरिद गरी २ वटा फर्मलाई रु.१५९८४८ (मू.अ.कर समेत) भुक्तानी दिएकोमा विल अनुसारको रकममा अग्रिम कर रु.२१२२ कट्टी गर्नुपर्नेमा गरेको नदेखिएकोले असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.	२१२२
१९.२	**बढी भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) र (८) अनुसार खर्च पुष्टि हुने प्रमाण तथा भुक्तानी दिन रीत पुगेको हुनुपर्ने व्यबस्था छ । गाउँपालिकाले युनिसेफ तर्फबाट सामाजिक परिचालक रोशनी थामीको तलब खर्च भुक्तानी गर्दा रु.३००० बढी भुक्तानी गरेकोले बढी भुक्तानी रकम असूल गर्नु पर्ने रु..	३०००
	प्रदेश शसर्त अनुदान तर्फ :	
२०.	**सामाग्री हस्तान्तरण :** आर्थिक कार्यविधि नियमावली, २०६ को नियम ४७ अनुसार कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नु पर्नेछ भन्ने व्यबस्था छ । गाँउपालिकाले यस आर्थिक बर्षमा बिभिन्न मितिमा निम्नानुसार खरिद गरेका तपशील बमोजिमका मेशिनरी औजार तथा फर्निचरहरु गाँउपालिका भित्रको सिंगटी प्राथमिक स्वास्थ्य केन्द्रमा पठाउनको लागि निम्नानुसारको परिमाणमा खरिद गरेकोमा लेखापरीक्षणको अबधिसम्ममा पनि उक्त सामानहरु हस्तान्तरण नगरी गाँउपालिकाको जिन्सी किताबमा आम्दानी नै रहेकोले हस्तान्तरण गरी उक्त स्वास्थ्य संस्थाले आफ्नो जिन्सी खातामा आम्दानी तथा दाखिला भएको प्रतिबेदन पेश हुनु पर्ने रु.	४६४८८२

भौ नं मिति	सप्लायर्स	खरिद भएको सामानको बिबरण	खरिद
१५.०७६.३.२९	Impact office solution,रातोपुल काठमाण्डौ ।	डेल ब्रण्डेड डेक्सटप कम्प्यूटर २, सेट	१५८२००
		क्यानन ३ इन वान लेजर प्रिन्टर,२ सेट	९०४००
		क्यानन मोनो लेजर प्रिन्टर,१ सेट	२४१८२

		डेल ल्यापटप कम्प्यूटर सेट २ सेट	१९२१००	
		जम्मा	**४६४८८२**	

२०.१	**कार्यसम्पन्न प्रतिवेदन तथा बढी भुक्तानी :** सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम ९७(११) माउपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई पेश गर्नुपर्ने व्यबस्था छ । गाँउपालिकोले गो.भा.नं १८/२०७६/०३/२९ बाट लापिलाङ्ग मा.बि लाई पूर्वाधार निर्माण कार्यको लागी निर्माण कार्य गरेबापत रु.१८७६१९६ भुक्तानी दिएको देखिएयो । उक्त निर्माण कार्यको कार्यसम्पन्न प्रतिबेदन पेश नभएको साथै नापी मूल्यांकन अनुसार रु.२१०८०८५ को मात्र काम भएको देखिएकोले लागत साझेदारीको आधारमा उपभोक्ताको १४.५८ प्रतिशत (३०७३५८।७९) कट्टी गरी रु.१८००७२६।२० मात्र भुक्तानी दिनु पर्नेमा रु.१८७६१९६ भुक्तानी दिएकोले बढी भुक्तानी रु.७५४६९।८ असूल हुनुपर्ने रु..	७५४७०
२०.२	**थामी संग्राहलय निर्माण :** सार्वजनिक खरिद नियमावी, २०६४ को नियम ८५ (क) मा पाँच लाख रुपैयासम्म लागत अनुमान भएको निर्माण कार्य माल सामान वा परामर्श सेवा सोझै खरिद गर्न सकिने, नियम ८४ (१) मा २० लाख रुपैयासम्म लागत अनुमान भएको मालसामान,निर्माण कार्य सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्नुपर्ने व्यवस्था छ। कालिञ्चोक गाउँपालिकाले थामी संग्राहलय निमार्ण कार्य गरे वापत थामी संग्राहलय निर्माण उपभोक्ता समितिलाई रु.३०००००० भुक्तानी भएको देखिएकोमा समितिले निर्माण कार्यका अतिरिक्तथामी संग्राहलय निर्माण कार्यको डि.पि.आर. समेत तयार गरेको देखाई सिंगटी इन्जिनीयरिग कन्सल्टेन्सीलाई रु.४९९४६० भुक्तानी गरेको छ ।उक्त कार्यको बिस्तृत लागत अनुमानमा फलामे छड ५९७१।१५ के.जी आबश्यक पर्ने भनि अनुमान गरेकोमा कार्यसम्पन्न प्रतिबेदन अनुसार ३७२९।७३ के.जी मात्र रड खरिद गरेको देखिएको तथा लागत अनुमनामा मानिस द्वारा जग खन्ने गरी स्टमेट भएकोमा उक्त कार्यमा संसोधन नगरी मेशिनको प्रयोग गरी जग खन्ने काम गरेको देखियो । थामी संग्राहलय निर्माण कार्यको डि.पि.आर. तयार गर्ने कार्य उपभोक्ता समिति मार्फत गराएको उचित देखिएन । अत: निर्माण कार्यमा उपभोक्ताले गर्ने जनसहभागिताको मात्रा यकिन गरी सोही प्रकृतिको श्रममुलक कार्यमा उपभोक्ताको तर्फबाट गरिने कार्यको अंशमा बृद्धि गरि सोही प्रकारको योजनामा मात्र उपभोक्ता समितिबाट कार्यहरु गराउँदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्दछ।	
२०.३	गाँउपालिकोले गो.भा.नं १६/२०७६/०३/२९ बाट झुलढिक जलकिने सडक निर्माण उपभोक्ता समितिलाई पूर्वाधार निर्माण कार्यको लागी बिभिन्न निर्माण कार्य गरे बापत रु.२४४८२३३ भुक्तानी दिएकोमा देखिएका अन्य व्यहोराहरु :	
२०.३.१	**बढी भुक्तानी :** उक्त निर्माण कार्यको कार्य सम्पन्न प्रतिबेदन र नापी मूल्यांकन अनुसार रु.२७९३३५७।२१ रकमको काम भएको देखिएकोले लागत साझेदारीको आधारमा उपभोक्ताको १२.८६ प्रतिशत (३५९२२५।७३) कट्टी गरी रु.२४३४१३१।४७ भुक्तानी दिनु पर्नेमा रु.२४४८२३३ भुक्तानी दिएकोले बढी भुक्तानी रु.१४१०१।५२ असूल हुनु पर्ने रु..	१४१०१
२०.३.२	**लागत अनुमान संसोधन नगरेको :** उक्त निर्माण कार्यका लागि लागत अनुमानमा सिमेन्ट मसलाको १:६ गारो लगाई सडक चौडा पार्ने कार्यको अनुमान नभएकोमा कार्य सम्पन्न प्रतिबेदनमा उक्त कार्य ३४.२० घ.मी गरेको देखिएकोले लागत अनुमान संसोधन गरेको देखिएन । अत: लागत अनुमान संसोधन नगरी भुक्तानी दिएको ३४.२० घ.मी को दर बिष्लेषण अनुसार प्रति घ.मी रु.९६२३।७६ का दरले रु.३२९१३२। अनियमित देखिएको रु.	३२९१३२
२०.३.३	**ग्याबिन जाली :** निम्नानुसारको २ साइजको ग्याबिन जाली खरिद तथा जालिमा ढुङ्गा भर्ने कार्य गरी रु.१२६७२४।७१ भुक्तानी गरेकोमा ग्याबिन खरिद गरेको नदेखिएकोले उक्त परिमाणमा खरिद गरेको नियमानुसारको बिल पेश हुनुपर्ने अन्यथा असूल हुनु पर्ने रु.	१२६७२५

ग्याबिनको साइज	परिमाण बक्स / घ.मी	खरिद रकम	भुक्तानी रकम
२*१*१	९	३४०६.४४	३०६५७.९७
१.५*१*१	५	२९६९.८५	१४८४९.२४
जाली भरेको	२५.५ घ.मी	३१८५	८१२१७.५
		जम्मा रु.	१२६७२४.७१

२०.४	**असूल गर्नु पर्ने :** सार्बजनिक खरिद नियमाबली,२०६४ को नियम ५ बमोजिम उपभोक्ता समितिसंग खरिद सम्झौता भएपछि सार्वजनिक निकायले त्यस्तो समिति वा समुदायलाई सम्झौता रकमको बढीमा एक	

	तिहाई रकम सम्मको अग्रिम रुपमा पेश्की दिन सक्नेछ । सार्वजनिक निकायले त्यसरी दिएको पेश्कीको अन्तिम किस्ता भुक्तानी गर्नु अघि फछ्यौट गरी सक्नु पर्नेछ भन्ने व्यवस्था छ । कार्यालयले प्रदेश शसर्त अनुदान बजेटबाट सार्बजनिक खरिद नियमाबलीमा व्यबस्था भए बमोजिमको सम्झौता नगरी कालिनाग मन्दिर निर्माण उपभोक्ता समिति वडा नं ८ का सचिब मोहन प्रसाद पाठक लाई रु.५००००० पेश्की उपलब्ध गराएको छ । कालिनाग मन्दिर निर्माण उपभोक्ता समिति वडा नं ८ लाई मन्दिर भौतिक पूर्वाधार सुधारका लागि प्रदेश शसर्त अनुदानमा रु.३०००००० बजेट बिनियोजन भई आएको देखिएको छ । सोही अनुसार गाउँपालिकाले उपभोक्ता समितिसंग रु.२८८०००० गाउँपालिकाको अनुदान रहने गरी सोही रकममा सम्झौता गरी सम्झौता बमोजिमको रकम भुक्तानी गरेको देखिएकोमा उपभोत्ता समितिका सचिब मोहन प्रसाद पाठकले मिति २०७५।०६।२५ मा लिएको पेश्की रु.५००००० कट्टी गरेको नदेखिएकोले सम्बन्धित योजनाको कार्य सम्पन्न भई सकेको अबस्थामा उक्त रकम अर्थिक बर्षको अत्यसम्ममा पेश्की नै बाँकी रहेको देखिएकोले निज सचिब मोहन प्रसाद पाठकबाट असूल उपर गरि बेरुजू दाखिला हुनु पर्ने रु...	५०००००
२१.	**लेखापरीक्षणमा पेश भएको सम्परीक्षणबाट कायम भएका व्यहोरा निम्नानुसार छन् ।**	
२१.१	हे.अ.धिरेन्द्र चौधरीको नाममाबाँकी रहेको पेश्की रु.७५४६०० फछ्यौट गर्दा रु.७५२००० को प्रमाण कागजात पेश भएको तर रु.३००० फिर्ता दाखिला गरेको रकमगाउँपालिकाको संचितकोष खातामाफिर्ता गरेको देखिएकोले उक्त रकम संघीय संचितकोष खातामादाखिला गरेको प्रमाण पेश हुनु पर्ने रु.	३०००
२१.२	ना.सु.रामकुमार ओलीको नामामाबाँकी रहेको पेश्की रु.३००००० फछ्यौटगर्दा रु. २५१२७२ को प्रमाण कागजात पेश भएको तर रु.४८७२८ फिर्ता दाखिला गरेको रकमगाउँपालिकाको संचितकोष खातामाफिर्ता गरेको देखिएकोमाउक्त रकम संघीय संचितकोष खातामादाखिला गरेको प्रमाण पेश हुनु पर्ने रु.	४८७२८
२१.३	सामाजिक सूरक्षाभत्ताबितरण गर्दा पेश भएको बितरण भरपाई र बैंक दाखिलाभौचरबाट पनिनपुग रकमनिम्नानुसारकाकर्मचारीहसंग असूल गरी संघिय संचितकोषखातामादाखिलागर्नु पर्ने रु.	३४८००

वडा नं	नाम पद	नपुग रकम
१	अ.हे.ब. अनिल बहादुर सिंह	१२००
२	खरिदार जिग्मी तामाग	१६००
४	म.बि.नि रमा देबी ओली	८०००
४	खरिदार हस्त बहादुर रेग्मी मगर	२४०००
	जम्मा रु.	**३४८००**

२१.४	निम्नानुसारकाकर्मचारीहरुको पेश्की फछ्यौट गर्दा फिर्ता गरेको नगद रकमगाउँपालिकाको संचितकोषमादाखिला गरेको देखिएकोलेसंघीय संचित कोष खातामा दाखिला भएको प्रमाण पेश हुनु पर्ने रु..	८६३८००

वडा नं	कर्मचारीको नाम	बैंक दाखिला रकम
१	अ.हे.ब. अनिल बहादुर सिंह	७३२००
२	खरिदार जिग्मी तामाग	१३५०००
३	हे.अ. राजकुमार पटेल	२८०००
५	म.वि.नि रमा देवी ओली	११६०००
६	हे.अ. भगवती अधिकारी	१५४०००
७	ना.सु. भरत पौडेल	९०४००
८	हे.अ. धिरेन्द्र चौधरी	१०९६००
९	हे.अ. रेणु सुब्बा	५६४००
९	खरिदार मुनाबर्तौला	१०१२००
	जम्मा रु.	**८६३८००**

२३.	**बेरुजू फछ्यौट तथा सम्परीक्षण स्थिती :** आर्थिक कायांविधि ऐन, २०५५ को दफा १८ बमोजिम कार्यालयले बेरुजू फछ्यौट गरि दफा १९ वमोजिम सम्परीक्षणको लागी अनुरोध गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले लेखापरीक्षणको क्रममा रु.३२०७६६०० बेरुजू फछ्यौट गरि सम्परीक्षणको लागि पेश भएकोमा निम्नानुसार रु.३०७२६६००सम्परीक्षण गरिएको छ । बाकी बेरुजु नियमानुसार फछ्यौट गरी सम्परीक्षण गराउनु पर्ने देखिन्छ ।	

आर्थिक बर्ष	बेरुजू दफा नं	फछ्यौटको व्यहोरा	फछ्यौट रकम

	२०७४.७५	५४	आर्थिक बर्षको अन्त्य सम्ममा ना.सु.रामकुमार ओलीको नाममा बाँकी रहेको पेश्की रु.३००००० कार्यालयको गोश्वारा भौचर नं. ८१ मिति २०७५।८।२१ बाट प्रमाण कागजात, बिल भरपाई पेश भएको आधारमा बेरुजू फछ्यौट गरी सम्परीक्षणका लागि पेश गरेकोले फछ्यौटको आधारमा सम्परीक्षण भएको रु.	३०००००	
		५२.२	अ.हे.ब.अनिल बहादुर सिंहको नाममा बाँकी रहेको सामाजिक सुरक्षा पेश्की रु.२४२४०००। भत्ता बितरण गरेको भरपाई पेश भएको आधारमा कार्यालयले भौ नं १३ मिति २०७५।११।१५ बाट बेरुजू फछ्यौट गरी सम्परीक्षणको लागि पेश गरेकोले फछ्यौटको आधारमा सम्परीक्षण भएको रु.	२४२४०००	
		५२.२	खरिदार जिग्मी तामांगको नाममा बाँकी रहेको सामाजिक सूरक्षा पेश्की रु.४५२८००० भत्ता बितरण गरेको भरपाई पेश भएको आधारमा कार्यालयले भौ नं १३ मिति २०७५।११।१५ बाट बेरुजू फछ्यौट गरी सम्परीक्षणको लागि पेश गरेकोमा फछ्यौटको आधारमा सम्परीक्षण भएको रु.	४५२८०००	
		५२.२	हे.अ.राजकुमार पटेलको नाममा बाँकी रहेको सामाजिक सूरक्षा वापतको पेश्की रु.२२९४८०० भत्ता बितरण गरेको भरपाई पेश भएको आधारमा कार्यालयले भौ नं १३ मिति २०७५।११।१५ बाट बेरुजू फछ्यौट गरी सम्परीक्षणको लागि पेश गरेकोले फछ्यौटको आधारमा सम्परीक्षण भएको रु.	२२९४८००	
		५२.२	म.बि.नि. रमा देवि ओलीको नाममा बाँकी रहेको सामाजिक सूरक्षा पेश्की रु.१४५०४०० भत्ता बितरण गरेको भरपाई पेश भएको आधारमा कार्यालयले भौ नं १३ मिति २०७५।११।१५बाट बेरुजू फछ्यौट गरी सम्परीक्षणको लागि पेश गरेकोले फछ्यौटको आधारमा सम्परीक्षण भएको रु.	१४५०४००	
		५२.२	खरिदार हस्तबहादुर रेग्मी मगरको नाममाबाँकी रहेको सामाजिक सूरक्षा पेश्की रु.१४७३६०० भत्ता बितरण गरेको भरपाई पेश भएको आधारमा कार्यालयले भौ नं १३ मिति २०७५।११।१५ बाट बेरुजू फछ्यौट गरी सम्परीक्षणको लागि पेश गरेकोले फछ्यौटको आधारमा सम्परीक्षण भएको रु.	१४७३६००	
		५२.२	म.बि.नि रमा देवि ओलीको नाममा बाँकी रहेको सामाजिक सूरक्षा पेश्की रु.३०८४८०० भत्ता बितरण गरेको भरपाई पेश भएको आधारमा कार्यालयले भौ नं १३ मिति २०७५।११।१५ बाट बेरुजू फछ्यौट गरी सम्परीक्षणको लागि पेश गरेकोले फछ्यौटको आधारमा सम्परीक्षणको भएको रु.	३०८४८००	
		५२.२	अ.हे.ब.भगवती अधिकारीको नाममा बाँकी रहेको सामाजिक सूरक्षा पेश्की रु.३१०७२०० भत्ता बितरण गरेको भरपाई पेश भएको आधारमा कार्यालयले भौ नं १३ मिति २०७५।११।१५ बाट बेरुजू फछ्यौट गरी सम्परीक्षणको लागि पेश गरेकोले फछ्यौटको आधारमा सम्परीक्षणको भएको रु.	३१०७२००	
		५२.२	ना.सु भरत पौडेलको नाममा बाँकी रहेको सामाजिक सूरक्षा पेश्की रु.२८३५६०० भत्ता बितरण गरेको भरपाई पेश भएको आधारमा कार्यालयले भौ नं १३ मिति २०७५।११।१५ बाट बेरुजू फछ्यौट गरी सम्परीक्षणको लागि पेश गरेकोले फछ्यौटको आधारमा सम्परीक्षण भएको रु.	२८३५६००	
		५२.२	हे.अ.धिरेन्द्र चौधरीको नाममा बाँकी रहेको सामाजिक सूरक्षा पेश्की रु.४३२६०० भत्ता बितरण गरेको भरपाई पेश भएको आधारमा कार्यालयले भौ नं १३ मिति २०७५।११।१५ बाट बेरुजू फछ्यौट गरी सम्परीक्षणको लागि पेश गरेकोले फछ्यौटको आधारमा सम्परीक्षण भएको रु.	४३२६०००	
		५२.२	हे.अ.रेणु सुब्वाको नाममा बाँकी रहेको सामाजिक सूरक्षा पेश्की रु.२०६३२०० भत्ता बितरण गरेको भरपाई पेश भएको आधारमा कार्यालयले भौ नं १३ मिति २०७५।११।१५ बाट बेरुजू फछ्यौट गरी सम्परीक्षणको लागि पेश गरेकोले फछ्यौटको आधारमा सम्परीक्षण भएको रु..	२०६३२००	
		५२.२	खरिदार मुनाबर्तौलाको नाममाबाँकी रहेको सामाजिक सूरक्षा पेश्की रु.२०८४४०० भत्ताबितरण गरेको भरपाई पेश भएको आधारमाकार्यालयले भौ नं १३ मिति २०७५।११।१५ बाट बेरुजू फछ्यौट गरी सम्परीक्षणकोलागि पेश गरेकोले उक्त फछ्यौटको आधारमा सम्परीक्षणको भएको रु..	२०८४४००	
		५४	हे.अ.धिरेन्द्र चौधरीको नाममा बाँकी रहेको बिभिन्न कार्यक्रम संचालन पेश्की रु.७५४६०० फछ्यौटको प्रमाण कागजात पेश भएको आधारमा कार्यालयले भौ		

				नं ५मिति २०७५।०६।१५ बाट बेरुजू फछ्यौट गरी सम्परीक्षणको लागि पेश गरेकोले फछ्यौटको आधारमा सम्परीक्षण भएको रु.	७५४६००	
				जम्मा	**३०७२६६००**	

अनुसूची- १

कालिञ्चोकगाउँपालिकाकोसञ्चित कोष विवरण

२०७५।७६

प्रदेश : बागमती

(रु.हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७१	८	९ (६+७+८)	१० (१+५-९)
१	कालिञ्चोक गाउँपालिका	दोलखा	३६६५०	१३९६०८	२८४४९६	७४३२३	४९८४२७	२११९६९	१८३३०९	६७१२८	४६२४०६	७२६७१

अनुसूची– २

बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७५।७६(रु.हजारमा)

सि.नं.	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगती		सैदान्तिक	लगती		सैदान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	कालिञ्चोक गाउँपालिका	दोलखा	४६	८०	५५८६५	०	३	१३५९	४६	७७	५४५०६	४६१९	१७००१	३०६५६	०	०	४७६५७	०	२२३०	२२३०

अनुसूचि ३

अद्यावधिक बेरुजू स्थिति

२०७५।७६

(रु. हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	गत बर्ष सम्मको बाकी	यो वर्षको फछ्र्यौट	बाँकी	यो वर्ष सं.प.वाट कायम भएको वेरुजू	यो वर्षको वेरुजू	कुल बाँकी वेरुजू
१	कालिञ्चोक गाउँपालिका	दोलखा	७७४३४	३०७२७	४६७०७	०	५४५०६	१०१२१३